समाजमा वातावरणीय शिक्षाको बिकास (सीड) द्वारा सम्पन्न गरीएका परियोजनाहरूका सफलताका कथा संग्रहित

# हाम्रो अभियान




सहयोग

IM Individuell Människohjälp Swedish Development Partner

DKA Austria

Heifer International Nepal

प्रकाशक

SEED
Tulsipur, Dang

**सफलताका कथा तथा अभियानका सवाल संग्रहित हाम्रो अभियान पुस्तक**

**प्रकाशक**
समाजमा वातावरणीय शिक्षाको बिकास (सीड)
तुलसिपुर, उपमहानगरपालिका वडा नं ६ दाङ
फोन नं. ०८२-५२२०३९
www.seeddang.org.np
ईमेल : best.seeddang@gmail.co / info@seeddang.org.np

**प्रकासन सहयोगि:**
आई.एम स्वीडिस डेभलपमेन्ट पार्टनर नेपाल

**कथा संकलन तथा सम्पादन**
बसन्त आचार्य
भागिराम चौधरी
उमेश खरेल
बिनोद चौधरी

# प्रकाशकिय

संघिय लोकतान्त्रीक गणतन्त्र, मानब अधिकार, सामाजिक समाबेशिकरण तथा लैङ्गिक समानता यस समयका महत्वपुर्ण कडिका रुपमा रहेकाछन् । लामो संघर्ष पश्चात प्राप्त संबिधान र संबिधानको मर्म अनुरुप बनेका नितिको सफल कार्यान्वयनले नागरिका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितता हुने प्रति हामि सचेत छौ । यस सन्दर्भमा नागरिक समाज, मानवअधिकारबादि संघ संस्था, नागरिक अगुवा देखि सामुदायिक समुह र समुहका हरेक सदस्यको सकारात्मक भुमिका रहि आएकोछ ।

समाजमा वातावरणिय शिक्षाको बिकास (सिड)  बिगत २२ बर्ष देखि दाङ लगायत आसपासका जिल्लामा बञ्चितिमा पारिएका नागरिकका सवालमा बिभिन्न कार्यक्रम तथा परियोजनाका मार्फत वकालत, पैरवि तथा शसक्तिकरण गर्दै आएको छ । यसै सन्दर्भमा नागरिकका जिवनमा परेका सकारात्मक प्रभाव, नागरिकका आवाज तथा हाम्रा अभियानका गतिविधि आम नागरिक तथा सरोकारवाला सामु लान बाञ्छनिय देखिएकाले यो पुस्तक प्रकाशन  गर्न थालिएको छ । यस पुस्तकले संस्थाका गतिबिधि तथा अभियानका सवाललाई आम नागरिक सामु लगि उनिहरुको जिवनमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । यस पुस्तकमा आफ्नो मेहनत लगाउने संस्थाका कार्यकारि निर्देशक भागिराम चौधरी कार्यक्रम संयोजक उमेश खरेल, कर्मचारि बिनोद चौधरी र पुस्तकको प्रकाशनमा सहयोग गर्ने आई.एम स्वीडिस डेभलपमेन्ट पार्टनर नेपाल बिशेष धन्यबादका पात्र हुन् ।

**प्रकाशक**

पान नं.: ३०१३०३३८३ जि.प्र.का.द.नं. ४०१ स.क.प.द.नं. १२६६५

# समाजमा वातावरणीय शिक्षाको विकास (सीड)

## SOCIETY FOR ENVIRONMENT EDUCATION DEVELOPMENT (SEED), DANG

पत्र संख्या:

चलानी नं.:

मिति: २०८०/०९/०५



## अध्यक्षको भनाई

समाजमा वातावरणिय शिक्षाको बिकास (सिड) संस्थाले बिभिन्न साझेदार निकायहरु संगको साझेदारिमा स्थापनाको बर्ष बि.स २०५८ देखि समुदायमा विकासका अबसरबाट पछाडि पारिएका महिला, बालबालिका, आदिबासि जनजाति, दलित, अपाङ्गता भएका ब्यक्ति, तत्कालिन १० बर्षे द्वन्द्व बाट प्रभावित समुदाय लगायतको आर्थिक, सामाजिक शसक्तिकरणका लागि निरन्तर कार्य गर्दै आईरहेकोछ । यस सन्दर्भमा संस्थाले पछिल्लो समयमा सञ्चालन गरेका आफ्ना गतिबिधि तथा सफलता समेटिएको हाम्रो अभियान नामक पुस्तक प्रकासन गर्न लागेको र यस पुस्तकमा मुलतः संस्थाका कार्यक्रमका मार्फत बाट आम समुदायको जिवनमा परेको सकार ात्मक प्रभावहरु, सफलताका कथाहरु, बुझाईहरु, र अभियानका बिषयहरु समेटिएकोछ । यस पुस्तकको तयारि का लागि सफलताका कथाहरु संकलन गर्ने बिभिन्न परियोजनाका कर्मचारिहरु, तयारिमा लाग्ने कार्यकारि निर्देशक ज्यू, कार्यक्रम संयोजकहरु, लगायत यस पुस्तकको सम्पादन, डिजाईन, लेआउट लगायतमा सहयो ग गर्ने ब्यक्तित्वहरु सम्पुर्णमा हार्दिक धन्यबाद दिन चाहान्छु । समुदायका आम दिदि बहिनिका मेहनत बिना सफलताको कथा बन्ने कुरा असम्भव प्रायनै हो । संस्थाको उदेश्य बमोजिम आफुहरुलाई अभियान्ताका रुपमा अगाडि बढाउने समुदायका आम ब्यक्तित्वहरुमा सहृदय कृतज्ञता ब्यक्त गर्दै यस पुस्तकले विभेद अन्यका लागि समुदायका आम नागरीकलाई अझ प्रेरीत गर्नेछ भन्ने अपेक्षा लिएको छु । यस सफलताको कथा संग्रहित पुस्तक प्रकासनका लागि शुभकामना ब्यक्त गर्नेहुने दाङ्ग जिल्लाका तुलसिपुर उपमहानगरपालिका प्रमुख ज्यू, शान्तिनगर गाउँपालिका र दंगिशरण गाउँपालिकाका अध्यक्ष ज्यूहरु लगायतमा हार्दिक धन्यबाद ब्यक्त गर्न चाहान्छु ।

सफलताका लागि एकल प्रयासले मात्र पुग्दैन, यसका लागि बहुसरोकारवाला पक्षको सहकार्य आवश्यक पर्दछ । संस्थाको लक्ष्य प्राप्तीमा हामि सकारात्मक बाटोमा छौ र निकै खुड्किला अगाडि पुगेकाछौ, यसरिनै सरोकारका पक्षको निरन्तरको साथ, सहकार्य, साझेदारि तथा सहयोग प्राप्त भएमा **न्यायिक समतामुलक र सम्बृद्ध समाज निर्माणको** परिकल्पना छिटै पुरा हुने विश्वास ब्यक्त गर्दछु ।

धन्यबाद

**राममोती चौधरी**

**अध्यक्ष**

परियोजना कार्यालय तुलसीपुर-६ एयरपोर्ट, दाङ
082-522039 | best.seeddang@gmail.com | www.seeddang.org.np

फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-




## शुभकामना

मिति: २०८०/०९/०४

समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाले सामाजिक न्याय र समतामुलक समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यस संस्थाले सफलताको कथा पुस्तक प्रकाशन गर्न लागेको खवरले अत्यन्त हर्षित तुल्याएको छ । पुस्तक प्रकाशनवाट संस्थाले गरेको उपलब्धि र सफलताका कथाले सकारात्मक सन्देश प्रवाह गर्न सक्नेछ भन्ने अपेक्षा लिएको छु । सफलताका कथा समाजमा अनुकरणीय समेत हुनेछन् ।

तुलसीपुरलाई समृद्ध र समुन्नत नगरकारूपमा विकास गर्नका लागि एक्लो प्रयासले मात्रै सम्भव हुँदैन । यसलाई साकार पार्नका लागि सीड जस्ता सामाजिक संस्थाको भूमिका हुने गर्दछ । यहाँका जनताको जीवनस्तर मात्रै होइन चेतनास्तर वृद्धिका लागि पनि यस संस्थाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस पालिकाका विकट वस्तीहरूमा पुगेर जनताका अधिकार र कर्तव्यको वारेमा वोध गराउने कार्यलाई निरन्तरता दिदै क्षमता विकासका माध्यमवाट आत्मनिर्भर वनाउँदै सामाजिक उद्यमशीलताको विकासमा यहाँहरूले गर्नुभएको योगदान प्रशंसनीय रहेको छ । वालअधिकार, वालविवाह, महिला अधिकार, मानवअधिकार संरक्षण र संवर्द्धनलगायतका मुद्दाहरूमा यहाँ समाजको तल्लो तहसम्म पुगेर काम गर्नुभएको छ । यस संस्थाले तुलसीपुरलाई समृद्धिको पाइलामा इट्टा थप्ने काम गरेको छ । तुलसीपुरको रणीनीतिक योजना ,वजेट तथा नीति कार्यक्रम निर्माणका सवालमा यहाँहरूले दिनुभएका सुझाव सकारात्मक रहेका छन् । हामीलाई यी सावत् सहयोग निरन्तर प्राप्त हुने हाम्रो अपेक्षा गरेका छौं । अन्त्यमा सफलताको कथा पुस्तक प्रकाशनले संस्थाको जीवन्तता र समाजमा प्रेरणादायी सन्देश प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

टीकाराम खड्का

नगर प्रमुख

# शान्तिनगर गाउँपालिका

## Shantinagar Rural Municipality

पत्र संख्याः ०८०/०८१

चलानी नं.

## चिराघाट, दाङ (लुम्बिनी प्रदेश, नेपाल)

## Chiraghat, Dang (Lumbini province, Nepal)



मितिः २०८०/०९/०३

## शुभकामना!!!

समाजमा वातावरणीय शिक्षाको बिकास (सिड) संस्था यस शान्तिनगर गाउँपालिकामा गुणस्तरिय शिक्षा, बालविवाह अन्त्य, बालअधिकार तथा लैंगिक हिंसाको अन्त्य र मानव अधिकारको सम्बर्धन लागि सन् २०१६ देखि निरन्तर कार्यरत रहेकोछ । गाउँपालिकाको सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको त्यस संस्था प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । गाउँपालिकाका ग्रामिण बस्ती सम्म पुगेर नागरिकका हक अधिकारका साथै कर्तब्यका बिषयमा समेत शुसुचित गराउने शिलसिलामा गाउँपालिकाका महिला, बालबालिका , किशोरी तथा यूवाहरुलाई संगठित गराउदै क्षमता विकासका तालिम प्रदान गर्दै सामाजिक गतिबिधिमा क्रियाशिल बनाउदै अग्रसर बनाउने कार्यमा समेत उक्त संस्थाले अहम भुमिका निर्बाह गर्दै आएकोछ ।

बालविवाह अन्त्यका लागि यस शान्तिनगर गाउँपालिकामा अति आवश्यक रहेको १० बर्षे रणनिति योजना निर्माणमा महत्वपुर्ण योगदान पुर्याउनु साथै उक्त रणनीतको कार्यान्वयनमा समेत सहयोग पुग्नेगरी वडा तथा बस्ती स्तरसम्म पुगी जागरणका गतिविधि संचालन गर्दै आएको छ । यसका अलावा हिंसाको सामना गरीरहेका महिला, बालबालिकाहरुको सिघ्र न्याय निरुपणका लागि गाउँपालिकामा रहेको स्थानिय न्यायिक समिति समेतको क्षमता अभिबृद्धि गर्नका लागि संस्थाले निर्बाह गरेको भुमिका प्रसंसनिय रहदै आएको छ ।

यस सन्दर्भमा सिड संस्थाले आफ्ना गतिबिधि तथा सफलता समेटिएको सफलताका कथा संग्रहित पुस्तक प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ । संस्थाले सामाजिक उन्नयनका लागि आफ्नो भुमिकालाई आगामी दिनमा अझ धेरै फराकिलो बनाउदै लानेछ भन्ने आशा लिदै आगामी दिनका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

धन्यबाद ।

.........................................

प्रमोद बस्नेत
अध्यक्ष
शान्तिनगर गाउँपालिकाको कार्यालय
दाङ

प्रमोद बस्नेत
अध्यक्ष

"शान्तिनगर गाउँपालिकाको दायित्व सुशासन र समृद्दिको स्थायित्व"

# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हेकुली, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं.:

मितिः २०८०/०९/०४



## शुभकामना

समाजमा वातावरणीय शिक्षाको विकास (सिड) संस्थाले यस दंगिशरण गाउँपालिकामा गुणस्तरीय शिक्षा, बालविवाह अन्त्य, बालअधिकार तथा लैंगिक हिंसाको अन्त्य र मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि सन् २०१६ देखि निरन्तर रुपमा कार्यरत रहेको छ । गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमो यस संस्थाले खेलेको भूमिकाको उच्च मुल्यांकन गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

गाउँपालिकाका विकट ग्रामीणबस्तिसम्म पुगेर आमजनताका हक अधिकार एवं कर्तव्यका बिषयमा सूसुचित बनाउने कार्यमा महत्वपुर्ण योगदान दिएको यस संस्थाले गाउँपालिकाका महिला, बालबालिका, किशोरी तथा यूवाहरुलाई संगठित गर्दै विभिन्न क्षमता विकास तथा क्षमता विकास तालिम प्रदान गर्दै आएको छ । समाजमा तल परेका र आफ्नो हक अधिकारका विषयमा अनभिज्ञ रहेका जनतालाई राज्यको मुलधारमा ल्याउनका लागि यस संस्थाले गरेको योगदान अविष्मरणीय रहेको छ ।

दंगिशरण गाउँपालिकामा बालविवाह न्युनिकरणका लागि रणनीतिक योजना निर्माण र कार्यान्वयनमा संस्थाले देखाएको तदारुपताले यस गाउँपालिका सामाजिक न्यायको क्षेत्रमा अब्बल बन्दै गएको अनुभूति भएको छ ।

लैंगिक समानता, सामाजिक समावेशीकरण तथा समातामुलक समाज निर्माणका लागि विभिन्न सञ्जाल तथा संस्थासँग मिलेर यस संस्थाले नीति तथा कार्यक्रम र बजेट निर्माणमा महत्वपूर्ण सुझावहरु प्रदान गर्दै आएको छ । सामाजिक समावेसीकरण एवं सामाजिक न्यायमा आधारित गाउँपालिका निर्माणमा संस्थाको भुमिका महत्वपूर्ण रहेको छ । जनताका माझमा हामीले गरेका प्रतिवद्धताहरुलाई यहाँहरुले सुक्ष्मतम् ढङ्गबाट केलाएर आवश्यक रणनीति निर्माणमा सहयोग प्रदान गर्दै आउनुभएको छ ।

लैंगिक हिंसाको सामना गरिरहेका महिला, बालबालिकाहरुको शिघ्र न्याय निरुपणका लागि गाउँपालिकामा रहेको स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्नका लागि संस्थाले निर्वाह गरेको भुमिका प्रशंसनीय रहदै आएकोछ ।

सामाजिक, शैक्षिक, आर्थिक एवं वातावरणीय क्षेत्रमा यस संस्थाले गरेका उल्लेखनीय कार्यहरुलाई लिपिवद्ध गर्नका लागि सफलताका कथाहरु समेटेर पुस्तक प्रकाशन गर्न लागेको खबरले मलाई उत्साहित बनाएको छ । यस प्रकाशनले अवश्य पनि सामाजिक न्याय स्थापनामा अहम् भुमिका निर्वाह गर्ने मेरो अपेक्षा रहेको छ । आगामी दिनमा पनि पालिकासँग जोडिएर विभिन्न कार्यक्रमहरु सञ्चालनमा यस संस्थासँग पारस्परिक सहयोग र समन्वय हुने नै छ भन्ने प्रतिवद्धताका साथमा शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

शम्भु गिरी
अध्यक्ष
दंगिशरण गाउँपालिकाको कार्यालय
दाङ

# बिषय सूचि


१. संस्थाको परिचय ........................................................................................१

२. संस्थाको बर्तमान कार्यकारि समिति..........................................................................२

३. संस्थागत बाह्य सम्बन्ध सुरु देखि हाल सम्म.......................................................................३

४. सफलताका कथाहरु (शान्तिनगर, दंगिशरण)..........................................................४-१४

५. आर्थिक, सामाजिक सांस्कृतिक अधिकार संम्बर्द्धनमा सीड संस्था.........................................१५-१६

६. सफलताका कथाहरु (तुलसिपुर).......................................................................१७-२१

७. रचना (कबिता, गित, मुक्तक)...........................................................................२२-२४

८. बालविवाह अन्त्यः चुनौति र अवसर.....................................................................२५-२६

९. आर्थिक बर्ष २०७९।०८० मा संस्थाद्धारा सञ्चालित परियोजनाहरुको बिस्तृत रिपोर्ट...................२७-३५

१०. संस्था द्धारा सम्पन्न गतिबिधिका झलकहरु..........................................................३६-४०

**संस्थाको परिचयः**

समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्था वि.स. २०५८ सालमा स्थापना भई दाङ्ग जिल्लामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका क्षेत्रमा निरन्तर क्रियाशिल संस्था हो । यस संस्थाले विशेषतः महिला, बालबालिका, द्वन्द प्रभावितहरु, सीमान्तकृत समुदाय लगायतका अधिकारका सवालमा नियमित वकालत, पैरवी तथा अन्य सहयोगका कार्य गर्दै आएको छ । यस संस्थाले विभिन्न स्वदेशी तथा विदेशी दातृ निकायको सहयोग तथा साझेदारीमा आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । समुदायका सिमान्त वर्गका आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारकालागि वकालत तथा पैरवि गर्दै कार्यक्रम सञ्चालन गरिरहेको भएपनि मुलतः सिमान्तकृत महिला, बालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति लगायतको अधिकारकालागि यस संस्थाले कार्यक्रमहरुलाई बढी मात्रामा केन्द्रीत गर्दै आएको छ ।

**परिकल्पना (Vision)**

न्यायिक समतामुलक तथा सम्बृद्ध समाज ।

Justice , equitable and prosperous society

**ध्येय (Mission)**

समावेशिता , सहभागिता र सशक्तिकरणका माध्यमबाट गरीब तथा पछाडि पारिएका वर्गलाई आत्मसम्मानपूर्वक दीगो जीवनयापन गर्नमा सक्षम बनाउने ।

Enabling poor and excluded sections in the society for their sustainable living through inclusion, participation and empowerment.

**लक्ष्य (Goal)**

गरीब तथा पछाडि पारिएका वर्गलाई जीवनका सबै क्षेत्रहरुमा आफ्नो अधिकारको प्रत्याभुत गराउने वातावरण सृजना गर्ने ।

Create and environment for poor and excluded people to exercise their rights inn all sphere of life.

**उदेश्यहरु (Objectives)**

समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाको उद्देश्य महिला, दलित , जनजाती र सीमान्तकृत समुदायको प्रभावकारी सेवाका लागि सशक्तिकरण गर्नु रहेको छ । जसका लागि न्युनतम मानवीय आवश्यकताहरुलाई आधारभूत मानव अधिकारको रुपमा सेवा लिने तथा प्रदान गर्ने उद्देश्य लिएको छ । संस्थाका अन्य महत्वपूर्ण उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- स्थानीय श्रोत साधनको पहिचान तथा परिचालनमा सहयोग पुऱ्याउने ।
- स्थानीय निकाय तथा लक्षित वर्गको संस्थागत विकास प्रक्रियामा सहयोग पुऱ्याउने ।
- लक्षित वर्ग, अधिकारवाला वर्ग र सरोकारवाला वर्गको क्षमता अभिवृद्धि गरी समावेशिता, सुशासन र पारदर्शिता अभिवृद्धिका लागि सहयोग गर्ने ।
- महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरुको अधिकार र जिम्मेवारीप्रति सचेत गराउँदै बालविवाह, बालश्रम शोषण, तथा घरेलु हिंसा न्युनीकरणका लागि कार्य गर्ने ।
- स्थानीय तहमा शिक्षा, स्वास्थ्य, कृषि तथा वातावरण सुधारका कार्यक्रममा सहयोग गर्ने ।
- संस्थागत दिगोपनाका लागि संस्थागत तथा मानवीय क्षमता अभिवृद्धि गर्ने ।

**संस्थाको वर्तमान कार्यकारी समिति :**
(Executive Board Members)

**अध्यक्ष :** राममोती चौधरी



**उपाध्यक्ष:** प्रकाश श्रेष्ठ



**सचिव :** देवेन्द्र चौधरी



**कोषाध्यक्ष :** कल्पना वि.क.



सदस्य : मिरा चौधरी



सदस्य : भिमकान्त बस्याल



सदस्य : यशोदा न्यौपाने



**कार्यकारी निर्देशक :** भागीराम चौधरी



## संस्थागत बाह्य सम्बन्ध सुरुदेखि हालसम्म

| दातृ निकायको नाम | सहकार्य गरेको वर्ष | कार्य क्षेत्र |
|---|---|---|
| आई.एम स्वीडिस डेभलपमेन्ट पार्टनर | सन् २०१६ देखि २०२३ सम्म | शान्तिनगर गाउँपालिका र दंगिशरण गाउँपालिका दाङ |
| डि.के.ए. अष्ट्रिया | सन् २०१५ देखि निरन्तर | दंगिशरण गाउँपालिका दाङ र तुलसीपुर उपमहानगरपालिका वडा नं १०,११,१२, १३, १४, १५ १६ |
| हेफर प्रोजेक्ट नेपाल | १ जुन २०२१ देखि ३० जुन २०२३ | दंगिशरण गाउँपालिका र बबई गाउँपालिका दाङ |
| एक्सन एड नेपाल | सन् २००६ देखि सन् २०१७ सम्म | ढिकपुर, मानपुर, उरहरी, गोल्टाकुरी र फुलबारी गा.बि.स |
| सेसी नेपाल | जुलाई २०१३ देखि डिसेम्बर २०१७ | डुरुवा, मानपुर, पवननगर, शान्तिनगर, बागमारे, धनौरी, हेकुली, पञ्चकुले, पुरन्धारा, गोल्टाकुरी |
| महिला बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय | २०१५ जुलाई देखि २०१७ जुन | उरहरी गाविस |
| जिल्ला विकास समिति, लापा परियोजना | २०७३ बैशाख ३१ देखि २०७३ असार मसान्त | उरहरी गाविस |
| जिल्ला विकास समिति दाङ | २०१५ जुलाई देखि २०१७ जुन | उरहरी गाविस |
| आदिवासी, थारु संस्कृती संरक्षण कार्यक्रम, उरहरी गा.वि.स | २०१३ जुलाई देखि २०१४ जुन | उरहरी गाविस |
| सेभ द चिल्ड्रेन नेपाल | २००६ जनवरी देखि २०११ डिसेम्बर | ढिकपुर, मानपुर, उरहरी, गोल्टाकुरी र फुलबारी गाविस |
| युएनडिपी एसपिडिआई | २० अक्टोबर २००३ देखि १९ अक्टोबर २००४ | मानपुर, उरहरी, गोल्टाकुरी र फुलबारी गा.बि.स |
| डि.एफ.आई.डि | २००४ जनवरी ७ देखि १९ जुन २००५ सम्म | मानपुर, उरहरी, गोल्टाकुरी र फुलबारी गा.बि.स |
| कारीतास नेपाल | २०१४ अप्रिल १ देखी मार्च ३०, २०२३ सम्म | ढिकपुर, फुलबारी, गोल्टाकुरी र उरहरी |

## सफलताको कथा

### सुगली चौधरीको नयाँ जीवन

### समाज सुधार छलफल समुह, शान्तिनगर गाउँपालिका वडा नं ४ जुम्लेकुला

शान्तिनगर गाउँपालिकाको कार्यालय चिराघाटबाट १ किलोमिटर पश्चिम मोडिएपछि एउटा जँगल भेटिन्छ । त्यही जँगलसँगै जोडिएर बसेको छ जुम्लेकुला गाउँ । हेर्दा जति सुन्दर छ, यो गाउँमा बस्ने मानिसहरुको व्यवहार पनि त्यति नै सुन्दर रहेको छ । यहाँ विभिन्न जातजाति भाषा तथा धर्म सँस्कृतिका मानिसहरुको बसोबास रहे को छ । सोहि गाउँकी बासिन्दा हुन बर्ष ४६ कि सुगली चौधरी । कृषि पेशामा आवद्ध सुगलीको परीवारमा ४ जना सदस्य हुनुहुन्छ । परम्परागत कृषि कर्म गरीरहेकी सुगलीलाई आफ्नो परिवारको लालनपालन बाहेकका अन्य कार्यमा खास रुचि थिएन भने सहभागिता पनि थिएन ।



यस बिचमा समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाको सहयोगमा समाज सुधार छलफल समुह गठन भए पश्चात सोहि समुहमा आबद्ध भएकी सुगली समुहमा नियमित रुपमा हुने छलफल कार्यका साथै सामाजिक गतिविधिमा सहभागी हुँदै जान थाल्नुभयो । छलफल समुहको सदस्य बने पश्चात सुगलीमा आफ्नो जीवन र सामुदायिक जीवनमा परिवर्तन ल्याउन सकिन्छ भन्ने आँट र हौसला बढ्दै गएको छ । सुगली भन्नुहुन्छ, 'चार जना मानिसका अगाडि बोल्न र आफ्ना कुरा राख्न पनि नसक्ने म अहिले आफ्ना कुरा निर्धक्क बोल्न र खोल्न सक्ने भएकी छु ।'



समुहमा आबद्ध भएसंगै सुगलीको जीवनमा केही आर्थिक प्रगती पनि भएको छ। समुहको आग्रहमा सीड संस्थाबाट बंगुरपालनमा सहयोग पाएकी सुगलीले १ बर्षमा बंगुर पालेरै संस्थाबाट प्राप्त सो सहयोग बंगुर बिक्रीबाट नाफा कमाई समुहका अर्का सदस्यलाई दिनुभएको छ । सुगलीको समुह कृषि समुहका रुपमा कृषि शाखामा दर्ता भए पश्चात हाल बंगुरको खोर निर्माणका लागि गाउँपालिकाबाट सहयोग समेत प्राप्त गर्नुभयो भने अझै व्यवसायलाई अगाडी बढाउने उहाँको सोच रहेको छ । समुहमा आबद्ध भएपश्चात बचत गर्नेबारे सिकेकी सुगली लगायत समुहका अन्य सदस्य समेतले समुहमा मासिक रुपमा समेत केही रकम बचत गर्दै आउनुभएकोछ भने सो कोष अझ बढाई दिदी बहिनीहरुको आर्थिक उन्नतीका लागि सारथि कोष निर्माण गर्ने उदेश्य लिएको बताउनु भयो । सिड संस्थाले देखाएको बाटो र गरेको सहयोगले आफ्नो जीवनमा परिवर्तन आएको उहाँका अनुभव रहेको छ ।

# सफलताको कथा

(बाख्राले फेरिएको सपनाको जीवन)

**सपना मगर,**

**नवसोच कृषि छलफल समुह, शान्तिनगर गाउँपालिका वडा नं १ नयाँबस्ति**

शान्तिनगर गाउँपालिका वडा नं १ को नयाँबस्ति, वडा कार्यालयबाट उत्तर दिशामा पहाडको काखमा रहेको, विकट र विकासमा पछाडि परेको गाउँ हो । गाउँ सँगै त्यस समुदायका मानिसहरु पनि हरेक कुरामा पछाडी पारिएका थिए । त्यो समुदायलाई विकासको मुलधारमा ल्याउनका लागि समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाको सहयोगमा २६ जना महिला दिदी बहिनीहरुको सहभागितामा नव सोच रिफ्लेक्ट समुह गठन भयो । समुहको गठनसँगै समुदायका विभिन्न सवालमा नियमित वकालत, छलफलहरुको सुरुवात भयो । व्यक्तिगत र सामुदायिकस्तरमा सकारात्मक परिवर्तनका लागि के गर्न सकिन्छ भनेर नियमितरुपमा छलफल र बहस हुन थालेपछि समुदायका मानिसहरुले नयाँ नयाँ योजनाहरु निर्माण गर्न थाले ।



सिड संस्थाले उनीहरुलाई एउटै ठाउँमा भेला गर्ने र छलफल गर्ने कामको सुरुवात गर्‍यो । उनीहरुलाई सामाजिक विकास र आयआर्जनका बारेमा तालिम समेत प्रदान गर्‍यो ।

सीड संस्थाले प्रदान गरेको आयआर्जन सहयोग प्राप्त गर्ने समुहको एक सदस्य हुन, सपना मगर । २० हजार बराबरको आयआर्जन सहयोग बापत २०७८ सालमा ३ ओटा बाख्रा पाल्न सुरु गरेकी मगरले १ बर्षको अवधिमा एउटा बाख्रा र २ वटा खसी बिक्री गरी ४५ हजारको आम्दानी गर्नुभयो । बिना ब्याज उपभोग गर्ने यस खालको कोष बाट आम्दानी गर्न सुरु गरेकी सपनाको खोरमा हालपनि ३ वटा बाख्रा रहेको र निकट भबिष्यमा खोर सुधार गरी बाख्रापालनलाई ब्यबसायिक कर्म बनाउने सोच रहेको बताउनुभयो ।

सपना भन्नुहुन्छ 'पहिले पहिले गाउँघरमा दिदीबहिनीसंग गफ लगाएर बस्ने म आजकल काममा मात्र बाहिर निस्कन्छु, नत्र आफ्नै काममा ब्यस्त हुने गर्दछु । श्रीमानको कमाईमा मात्र आश्रीत हुनुपर्ने बाध्यता टरेको छ, हामी महिलाले पनि पारीवारिक आम्दानी बढाउन सहयोग गरे पारिवारीक उन्नती पनि छिटो हुने विश्वास लिएकी छु, । '

## संस्थाले बढायो महिलाहरुमा आत्मबल

### आशा चौधरी ,सचिब, मिलन छलफल समुह, शान्तिनगर गाउँपालिका वडा नं ७ बुराडाबर

समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्था द्वारा गठित तथा सञ्चालित मिलन छलफल समुह शान्तिनगर गाउँपालिका वडा नं ७ बुराडाबरमा रहेको छ । थारु महिला मात्र २२ जना सदस्य रहेको उक्त समुह गठन गर्नु र आजको अवस्थामा आईपुग्ने यात्रा सहज थिएन । थारु समुदाय त्यसमाथि महिला समुह गठन गर्दाका बखत समुदायका दिदीबहिनीलाई कुरा बुझाउन निक्कै गाह्रो परेको थियो । घरघर पुगेर स्थानीय भाषामा मसिनो गरी कुरा बुझाउदा १ हप्ताको समय लगाई समुह गठन गर्न संस्था सफल भएको थियो । निकै संघर्ष र मेहनत पश्चात गठन भएको समुह हाल भने सामाजिक परिवर्तनका अलावा आर्थिक र वातावरणीय संरक्षणको अभियन्ता समेत बनेको छ ।



घर, खेतबारीको काममा मात्र सिमित महिलाहरु बाहिरको दुनियासंग सामान्य परिचित समेत थिएनन् । नाम समेत लेख्न र २/४ जना मानिसका अगाडि गएर बोल्ने बानी पनि थिएन । रिफ्लेक्ट समुह गठन पश्चात नियमित छलफल गर्न थालियो । छलफलमा आफ्नो नाम लेख्न, परिचय दिन, आफ्ना समस्या पहिचान गर्न र बोल्नका लागि विभिन्न तालिम मार्फत संस्थाले सिकाउन थाल्यो । अहिले समुहका सबैले आफ्नो परिचय दिन, सामान्य सावाँ अक्षर चिन्न अनि पढ्न र लेख्न सक्ने भएका छन् । उनीहरुले बैठक बसेर आफै माइनट समेत लेख्ने गर्दछन् ।

सीड संस्थाले बेला बेलामा दिने तालिम, अभिमुखिकरण तथा आयोजना गर्ने गोष्ठी, सेमिनार, कार्यशालाले महिला अधिकार, बालअधिकार, विभेद, हिंसा लगायतका बिषयमा जानकार गराएको छ । समहुका महिलाहरु अहिले अधिकारको खोजि गर्ने र सो सम्बन्धमा वडा, प्रहरी, गाउँपालिका, बिद्यालय लगायतका सरोकारवालालाई सचेत र सजग बनाउने कार्यमा अग्रसर हुदै आएका छन् ।




महिला समुहको अगुवाईमा गाउँका युवाहरुलाई समेत संगठित गरी बुराडाबर युवा क्लब गठन गरिएको छ भने युवा क्लबसंगको सहकार्यमा बालविवाह, लैंगिक हिंसा अन्त्य लगायत वातावरण सरसफाईका समेत विभिन्न क्रियाकलाप सञ्चालन भइरहेको छ र यसले गाउँलाई परिवर्तनको यात्रामा अगाडी बढाएको छ ।

नयाँ पुस्ताले बिर्सदै गएको सामाजिक भुमिकालाई बढाउदै लगेको र समाजमा केही सकारात्मक परिवर्तन भएको देखेर समुदायका पुरुष सदस्यहरु पनि महिला समुह र त्यसका सदस्यहरुप्रति सकारात्मक हुदै गएका छन् । बालविवाह तथा हिंसा निवारणमा अन्य निकायबाट नीति, कार्यक्रम, बजेट तथा अन्य नैतिक सहयोग प्राप्त गर्न असहज भएपनि समूहका सदस्यहरुलाई सरोकारवाल निकायलाई दबाब दिइरहेका छन् ।

## सिडको सहकार्यमा हाम्रा ३ बर्ष

### गंगा पुरी अध्यक्ष शान्ति महिला छलफल समुह दंगिशरण-३, दाङ

म एउटा सामान्य घरपरिवारमा हुर्किएको महिला हुँ । मेरो सानैदेखिको रुचि सामाजिक क्षेत्रमा थियो र म आफै पनि समाजमा केहि गर्छु भनेर आँट गरेको महिला हुँ । समुदायमा छोरा र छोरी बिचमा हुने भेदभाव लगायत अन्य विभेद देख्दा मनमा नमिठो अनुभव हुन्थ्यो भने यसखालका विभेदको अन्त्य गर्न लागि पर्ने र समुदायलाई परिवर्तनको बाटोमा हिडाउने चुनौतीपूर्ण यात्राको चाहना मन भरि नै थियो ।



मेरो चाहान म आफ्नै आँटबाट पुरा गर्न सकिरहेको थिएन र म उपयुक्त सल्लाह र सहयोगको आवश्यकता महसुस गरिरहेको थिए । यसै क्रममा समाजमा वातावरणीय शिक्षाको विकास सीड संस्थाको आगमनले म लगायत समुहका हरेक सदस्यको जीवनमा परिवर्तनका लागि केहि गर्ने हुटहुटी बढेर आयो ।

गाउँमा समुदायका दिदी बहिनीहरुको सहभागितामा २०७७ सालमा शान्ति महिला छलफल समुह गठन भएपश्चात समुदायका महिलामाथि हुने हिंसा तथा बालविवाह, वातावरण संरक्षण, सरसफाई लगायतका बिषयमा नियमित छलफल गर्नुका साथै समुदायका अन्य वर्गमा सचेतीकरण गर्ने कार्य पनि नियमित रुपमा अगाडि बढाउदै आएकाछौ । यस बिचमा हाम्रो समुदायको अगुवाईमा बालविवाह र  हिंसाका घटना समाधान गर्नेसम्मका कार्य गर्ने आँट र भरोसाको विकास भएको छ ।



सीड संस्थाले आयोजना गरेका विभिन्न तालिम, अभिमुखिकरण तथा कार्यक्रममा सहभागी भएपश्चात समुह ब्यवस्थापन र सामुदायिक सवालमा हाम्रो भुमिकाका बारेमा अझ धेरै बुझ्ने र जान्ने मौका मिल्यो जहाँ गाउँपालिका भरका दिदीबहिनीसंग अझ नजिकबाट पालिका भरका दिदीबहिनिको वर्तमान अवस्थाका बिषयमा जान्ने मौका पनि मिल्यो । यो मेरो लागि बलियो अवसर थियो ।

संस्थाका विभिन्न कार्यक्रमहरुमा समुहका दिदीबहिनी सबैलाई पालैपालो स्थान दिनुका साथै समुहमा पनि सक्रिय छलफलको नतिजास्वरुप हामीले समुदायका विविध सवालमा अगुवाई गर्दै विभिन्न सचेतनामुलक कार्यक्रम सम्पन्न गर्न सफल भयौ । यसरी कार्यक्रम सम्पन्न गर्दा गाउँपालिका, वडा विभिन्न संघ संस्था, नेपाल प्रहरी लगायतसंग साझेदारी गर्ने गरेका छौ । समाजमा सकारात्मक योगदान दिने हाम्रो योजनाका कारण समुहमा अन्य दिदीबहिनीको सहभागिता पनि बढ्दै जाँदा हामी नियमित छलफल तथा बैठक सम्पन्न गर्न समेत गाह्रो हुने स्थिति बन्यो । समुह सदस्य बढेर ७० जना सम्म पुगियो । दिदी बहिनीको उत्साह र हौसलाले मलाई अझ जिम्मेवार बनाउदै लगेकोछ । यस बिचमा मैले आफ्नो पालिकाका समग्र दिदी बहिनीको नेतृत्व गर्ने सञ्जाल महिला अधिकार सञ्जाल निर्माण गरी कार्य गर्दै आईरहेकी छु भने सञ्जालको नेतृत्वमा गाउँपालिका लगायत स्थानीय सरोकारवाला समक्ष महिला लगायत समाजको पिँधमा परेका वर्गका ब्यक्तिहरुका सवालमा बिभिन्न सुझावपत्र, ज्ञापन पत्र पनि बुझाउदै आएका छौ ।



यस बिचमा समुहका दिदी बहिनीको आपतकालिन समस्या समाधानका लागि आपतकालिन कोष पनि स्थापना गरेका छौ भने उक्त कोषबाट हालसम्म २ जनालाई सहयोग गरी समस्या समाधानका लागि सारथी बन्ने कोसिस गरेका छौ । आशा छ संस्थाको सहकार्यले हामी महिलाहरुले अधिकारको अधिकतम उपभोग गर्दै सामाजिक तथा राजनीतिक नेतृत्वको उच्च तहसम्म पुग्नका लागि अझै प्रभावकारी भुमिका बहन गर्नुपर्नेछ ।

## नेतृत्वमा अब्बल सुकदेवाका महिलाहरु

तुलसीपुर उपमहानगरपालिकादेखि लगभग ११ कि.मी दक्षिण पश्चिममा पर्दछ सुकदेवा गाउँ । यो थारुहरुको बाक्लो बस्ती भएको ठाउँ हो । दंगिशरण गाउँपालिका वडा नं ४ मा रहेको यही गाउँलाई छोएर बबई नदी सदियौदेखि बगिरहेको छ । बबई पानीजस्तै संग्लो मन भएकाहरुको बसोबास रहेको यस ठाउँका महिलाहरु अहिले आफ्नो अधिकारका बारेमा जानकार मात्रै होईन आवाजहरु समेत आफैले उठाउन सक्ने भएका छन् । यो परिवर्तन एकाएक भने आएको होईन । यसका पछाडी समाजमा वातावरणीय शिक्षाको विकास (सिड) संस्थाको नेतृत्वदायी भुमिका रहेको छ ।




२०७७ सालमा आइएम स्विडिस डेभलपमेन्ट पार्टनरको सहयोगमा सिड संस्थाले सहजिकरण

गरेर नेतृत्व विकासका लागि समूह निर्माण गरेपछि परिवर्तनको सुरुवात भएको हो । समाजमा रहेका विभिन्न विषयवस्तुमा आधारित रहदै छलफल गर्ने अनि निश्कर्षमा पुगेर योजना निर्माण गर्नका लागि असल छलफल समुह गठन गरेपछि छलफल र बहस गर्ने परम्पराको थालनी भएको हो । समूहमा अहिले २५ जना महिला र १ जना पुरुष गरेर २६ जना रहेका छन् । संस्थाका सामाजिक सहजकर्ताको सहयोगमा समुहको बैठक निरन्तर बस्ने गरेको छ ।



बालविवाहलाई सामाजिक मान्यता दिएको यस समुदायमा अहिले बालविवाह शुन्यमा झरेको छ । अभिभावकहरु बालविवाह नगर्ने कुरामा प्रतिवद्ध मात्रै छैनन् कसैले बालविवाह गर्न लागे को थाहा पाएभने त्यसलाई रोक्नका लाीग समेत सक्रिय हुने गरेका छन् । “त्यो बेलामा थाहा भएन र बालविवाह गरियो अहिले पछुतो भएको छ । अब हाम्रा सन्तानहरुलाई परिपक्व नभएर विवाह गरिदिने होईन” समुहकी एक सदस्यले बताईन् । समुदायका विभिन्न कार्यक्रममा महिला सहभागिता नहुने तथा घरायसी काममा मात्र सिमितता हुने हुँदा महिलाहरुको सामाजिक सहभागिता तथा क्रियाशिलता शुन्य जस्तै थियो ।

संस्थाले नियमित रिफ्लेक्ट कक्षामा छलफल गर्न थालेपछि महिलाहरुलाई सामाजिक अगुवाहरुको पनि सकारात्मक सहयोग प्राप्त हुदै गयो । समुहमा हिंसाको अति जोखिममा रहेका ३ जना सदस्यहरुले संस्थाका तर्फबाट आयआर्जनमा सहयोग प्राप्त गरेसंगै सामाजिक तथा आर्थिक दुबै तहमा महिलाहरुको सक्रियता वृद्धि भएको समुहका अध्यक्ष प्रविना चौधरीले बताउनुभयो ।

समाजमा व्याप्त बालविवाहलाई अन्त्यका लागि समुहका तर्फबाट छलफलका अलावा विभिन्न र्‍याली, सडक नाटक, सरसफाई लगायतका कार्यहरु नियमितरुपमा भइरहेका छन् । आफ्ना सवालहरुमा अहिले महिलाहरु वडा कार्यालय तथा गाउँपालिकासम्म पुगेर छलफल र बहस गर्न सक्षम समेत भइसकेका छन् । स्थानीय सरकारको बजेट र नीति तथा कार्यक्रममा आफ्ना मागहरु समेत राख्ने गरेका छन् । समुहका लागि थारु साँस्कृतिक बाजा तथा कपडा माग गरेकोमा पालिकाबाट सहयोग प्राप्त गरेको समुहकी सदस्य राधिका चौधरीले जानकारी दिनुभयो । समाज परिवर्तनकोमहाअभियानमा जोडिनुभएका समुहका एकमात्र पुरुष सदस्य तथा थारु साँस्कृतिक अगुवा जगराम चौधरीपनि बालविवाह तथा हिंसा विरुद्धको अभियानको अभियन्ताका रुपमा क्रियाशिल हुनुभएको छ भने महतौकारुपमा हालसम्म समुदायमा भएका २ वटा बालविवाह रोकिएको जगराम चौधरीले बताउनुभयो । चौधरीले थप भन्नुभयो “म आफैले सामुदायिक सचेतिकरणका लागि सडक नाटक देखाउने गरेको र सो सडक नाटक आफैले लेखेर निर्देशन समेत गर्ने गरेको छु । जबसम्म सभ्य समाज बन्दैन तबसम्म समाजको आर्थिक तथा सामाजिक प्रगती सम्भव नहुने भएको हुँदा सभ्य समाजको निर्माणका लागि म आफैपनि दिदी बहिनीहरुका साथ यो अभियानमा सहभागी छु ।”

## समुहले गर्‍यो खानेपानीको समस्या समाधान

विकास र पहुँचका दृष्टिले पछाडि परेको साविकको गोल्टाकुरी गाविसको विकट बस्ति कौवाघारी दलित, सीमान्तकृत तथा अन्य समुदाय समेतको बसोबास रहेको बस्ति हो । यहाँका महिलाहरुले अक्षर चिन्दैनथे, अधिकार बुझ्दैनथे अनि बालविवाह र हिंसाबाट प्रभावित भएपनि चुपचाप सहने गर्दथे । समाजले गरेको विभेदबाट मुक्ती पाउने उनीहरुको सपना जीवितै थियो तर यथार्थ केयौ कोश टाढा थियो ।

२०७६ साल बैशाख महिनामा समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाको सहयोगमा समुदायका २१ जना महिलाहरुलाई समेटेर नमुना छलफल समुह गठन भएपछि परिवर्तनको आशा गरेको महिलाहरुको मनमा केही आशाको मुना टुँसाएको थियो । घरायसी काममा सिमित महिलाहरु समुहमा बस्न र सामाजिक बिषयमा छलफल समेत गर्ने गरेका छन् । महिलाहरु पनि सामाजिक सवालमा नेतृत्व लिन सकिने बिषयमा बिस्तारै



छलफल सुरु गरिएको छलफल समुहका अध्यक्ष सीता डाँगीले बताउनुभयो ।

समुहका दिदीबहिनीहरु छलफलमा मात्र सिमित नभई बालविवाह तथा लैंगिक हिंसा अन्त्यका लागि विभिन्न सचेतनामुलक अभियान सञ्चालनमा समेत सक्रियतापूर्वक लागिरहेका छन् । महिलाहरुले सामना गर्नुपर्ने घरेलु हिंसा, लैंगिक हिंसा, बालविवाह, जातीय छुवाछुत तथा विभेद, लागुऔषध दुर्व्यसनी लगायतका बिषयमा सामाजिक सचेतीकरणका कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएका छन् ।

समुदायस्तरमा मात्र नभई वडा तथा पालिकास्तरमा समेत आफुहरुले सामना गर्नुपरेका समस्याका बिषयमा सरोकारवालाको ध्यानाकर्षण, माग पत्र पेश, ज्ञापन पत्र पेश गर्ने गरेका समुह सदस्यहरु आफुहरुले भोगेको चरम खानेपानी अभावको समस्या समेत आफैले समाधान गरेका छन् । समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्था तथा न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल)को सहयोगमा गाउँपालिका, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, संघीय खाने पानी विभागसम्म ज्ञापनपत्र बुझाएको र चौतर्फी दबाब सिर्जना भएपनि पानीको समस्या समाधान भएको समुहकी सदस्य दीपा बस्नेतले जानकारी दिनुभयो । " यी महिलाहरुले गरेर के पो हुन्छ र बेकारको दुख गरेका छन् भनेर हामीलाई सबैले गिज्याँउथे तर कत्ति पनि हार नखाएर काम गरे काले हामीले सफलता पाएका हौ" बस्नेतले खुसी व्यक्त गर्नुभयो । पानीको समस्या समाधान हुँदा धेरै महिला दिदीबहिनीहरुले मुक्तीको सास फेरेको पनि



उहाँले बताउनुभयो । अहिले घर घरमा धारा पुगेपछि दुख र सास्ति हराएर गएको छ । अहिले उक्त टोलमा मात्र नभई वडामा अन्य बस्ति समेतमा गरी २६० धारा जडान भएको खानेपानी उपभोक्ता समितिका सचिव एम.एन. शाहले जानकारी दिनुभयो ।

महिलाहरुको आर्थिक शसक्तिकरण माध्यमबाट पनि सामाजिक समावेशिकरणमा सहयोग दिने लक्ष्यका साथ समुहका सदस्य महिलाहरुले हाल आफ्नै नेतृत्वमा विभिन्न पेशा तथा व्यवसायहरु समेत सञ्चालन गर्दै आएका छन् । व्यवसाय सञ्चालनबाट उनीहरु आय आर्जनका गतिविधिमा समेत क्रियाशिल हुदै गएका छन् । समुहका अति विपन्न ४ जना महिला सदस्यको आर्थिक उपार्जनमा सहयोग गर्ने गरी बाख्रापालन उद्देश्यका लागि संस्थाले प्रदान गरेको सहयोगलाई समुहले घुम्तिकोषका रुपमा प्रयोग गर्दै आएको छ भने उक्त रकम हाल ९२ हजारसम्म पुगेको समुहका अध्यक्ष सिता खत्रीले बताउनुभयो । उक्त सहयोगबाट हाल समुहका सदस्यहरुले आम्दानी बढाउँदै लगेको छन् ।

महिलाको सामाजिकसंगै आर्थिक र राजनीतिक शसक्तिकरणका लागि समुहले विभिन्न कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएको छ । सिड संस्थाले आर्थिक तथा शैक्षिक विकासका लागि प्रभावकारी भुमिका खेलेको हुँदा आफुमा परिवर्तन आउन सम्भव भएको अध्यक्ष सीता डाँगीको भनाई रहेको छ ।

**बाख्रापालनले बदलिएको लक्ष्मीको जीवन**

दंगिशरण गाउँपालिका वडा नं २ कौवाघारीकी ४८ बर्षिय लक्ष्मीका २ छोरा, २ छोरी, बुहारी नाति र श्रीमान सहितको परिवारमा रहेको छ । श्रीमानको उमेर ढल्कदै जाँदा छोरा, छोरी लगायत घर परिवारको जिम्मेवारी आफ्नो काधमा बोकेकी लक्ष्मीले चरम गरिबीको पीडा सानो फुसको घरमा बसेर निकै सहनुभयो । समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाले २०७५ सालमा गाउँमै नमुना रेफ्लेक्ट केन्द्र गठन गरे संगै केन्द्रमा गएर विभिन्न छलफलमा भाग लिन थालेकी लक्ष्मीको ज्ञानको दायरा विस्तारै फराकिलो हुन थाल्यो । अक्षर पनि नचिन्ने लक्ष्मीले समुहमा सक्रिया हुँदै जाँदा आफ्नो नाम लेख्न, साँउ अक्षर पढ्न सक्ने हुनुभयो । “समुहमा गएर दिदीबहिनी संगै बस्ने छलफल गर्ने र सिक्ने गर्दा म मा आत्मबल बढ्दै गयो र आफुपनि केहि गर्न सक्छु भन्ने भाव म मा पैदा हुदै गयो” लक्ष्मीले भन्नुभयो । चरम गरिबीका कारण छोराछोरीको पढाई रोक्ने अवस्थामा पुगेको लक्ष्मीले छोरा छोरीलाई पढाएर असल बाटोमा लगाउनका लागि निकै जोड बल गरी दुःख गर्नुभयो । उहाँलाई आर्थिक उपार्जनको बाटोमा लाग्न प्रेरित सिड संस्थाले गरेको हो ।



समुहको सिफारीसमा संस्थाले आयआर्जन सहयोग कार्यक्रम अन्तरगत बाख्रा पालन व्यवसायका लागि २० हजार बराबरको सहयोग प्राप्त गरेकी लक्ष्मीले त्यही पैसाबाट दुखजिलो गरेर व्यवसाय बढाउँदै लैजानुभयो । अहिले बाख्रापालन व्यवसाय मार्फत बार्षिक ३० देखि ४० हजार रुपैयासम्म आम्दानी गर्न थाल्नुभयो । ऋण

नपत्याउने छिमेकी र आफन्तले पनि बाखापालन मार्फत आम्दानी गरेको देखेपछि ऋण दिन थालेको खुसी लक्ष्मीले व्यक्त गर्नुभयो । ऋण धन गरी छोरालाई बैदेशिक रोजगारीमा पठाएकी लक्ष्मीले हाल पुरानै घरछेउमा नयाँ घर निर्माण गरेको र छोरीलाई तुलसीपुर बजारको राम्रो स्कुलमा पढाउनु भएको छ ।

लक्ष्मीले हाल घरमा ६ गोटा बाखा, १ हल गोरु र १ वटा गाईपालनमार्फत राम्रो आम्दानी लिदै गरेको बताउनुभयो । "केही गर्न सकिएला भन्ने आशै थिएन, जीवन जिउने सजिलो बाटो देखाएकोमा सीड संस्थालाई भित्रै देखि धन्यबाद दिन चाहन्छु । " लक्ष्मीले भन्नुभयो ।

## गुरुआमा मीना नेपाली

दंगिशरण गाउँपालिका वडा नं १ छर्कटा दाङ बस्ने बर्ष ४७ की मीना नेपाली गरिब ,सिमान्तकृत र निम्नवर्गको दलित परिवारको सदस्य हुन । मीनाको परिवारमा श्रीमान, छोरा छोरी र आफु गरी ५ सदस्य रहेका छन् । परम्परागतरुपमा मीनाको परिवारले सिलाईकटाई पेशा अंगाल्दै आएको थियो तर त्यसले परिवारमा खुसी भने ल्याउन सकेको थिएन । बार्षिक रुपमा केही अन्नपात ल्याउने गरी समाजका उपल्लो वर्गका ब्यक्तिहरुको कपडा सिलाउन मेसिन बोकेर घरघर पुगेको सम्झना मिनाको मानसपटलमा अझै ताजै छ । दुख भोगेको र बुझेको मिनाको परिवारले सिलाई पेसाबाट थोरै आम्दानी गरी छोराछोरीको लालनपालन र पठनपाठन गराउनुभयो । तर जीवन साह्रै अभाव र कष्ठप्रद भने रहेको थियो ।

मिनाको परिवारले विभिन्न समस्या भोग्दै र सामना गर्दै आयो अझ जातिय रुपमा दलित भएर हेपिदाको पिडा त कति कति । कपडा सिलाएर मानिसलाई सुन्दर बनाउने काम गरेकी मिना र उनको परिवारको जीवन र भविष्यका बारेमा उनी आफै अनभिज्ञ थिईन । मिना भन्छिन "हामीलाई पहिले देखिनै सानो जात, दलित भनेर सिकाईयो र समाजमा पनि सोहि अनुरुपको विभेदपुर्ण ब्यवहार गरियो, हामी समाजका सबै मानिस बराबरी छौ भन्ने कुरा थाहा पाउन र बुझ्न तिसौ बर्ष लाग्यो ।"



समाजमा वातावरणीय शिक्षाको विकास (सीड) दाङले गरिब, विपन्न महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण परीयोजना सन् २०१६ देखि सञ्चालन गरे संगै मिनाको जीवनले पनि नयाँ मोड लियो । सिड संस्थाको पहलमा गाउँमा बबई रेफ्लेक्ट केन्द्र नामको समुह गठन भयो भने मिना लगायत समुदायका अन्य सदस्यहरु समेत केन्द्रका गतिविधिमा सक्रिय सहभागिता जनाउन थाल्नुभयो । रिफेलेक्ट केन्द्रमा महिला, दलित, बालबालिका, सीमान्तकृत वर्गका आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारका साथै विद्यमान कानुन र समुदायको भुमिका लगायतका बिषयमा छलफल चलाउने र शसक्तिकरण गर्ने कार्य हुन्थ्यो । यस अवसरका मिनाले अधिकारका बिषयमा बुझ्ने बोल्ने र सहभागिता जनाउने अवसर प्राप्त गर्नुभयो ।
सार्वजनिक तथा सरकारका योजना, नीति कार्यक्रम तथा बजेटसम्म आफ्ना, समुदायका तथा अन्य सीमान्तकृत

वर्गका आवाजलाई प्रस्फुटित गर्ने र अगुवाई गर्ने अवसर समेत प्राप्त गर्नुभएकी मीना हाल विभिन्न समुह, सहकारी तथा राज्यका योजनासंग पनि जोडिनु भएकोछ । औपचारिक शिक्षाको अवसर समेत नपाएकी मिनाले समुहमा हुने छलफल बाट नै आफुमा आत्मविश्वासको विकास भएको बताउनुहुन्छ ।

समुहमा सक्रियतापूर्वक कार्य गर्न थालेपछि वडा कार्यालयले समेत आफुलाई तालिम दिनका लागि आग्रह गरेको सम्भदै मिना भन्नुहुन्छ, "सुरुमा मलाई सिलाई सम्बन्धि तालिम दिने बारे वडा कार्यालयबाट अनुरोध गर्नुभयो, म केही अलमलमा परे सीप त छ तर कसरी सिकाउने मैले सिकाउदा सिक्नेहरु सन्तुष्ट हुने हुन् वा हैनन् तर पनि आँट गरे र स्वीकार गरे अनि लगातार ३ बर्षसम्म मैले निरन्तर सिलाई सम्बन्धि तालिम दिने अवसर प्राप्त गरिरहे । म मा यो आत्मविश्वास जगाउन र म गर्न सक्छु भन्ने भावको विकास गराउन हाम्रो रि फ्लेक्ट केन्द्रका मार्फत सिड संस्थाले निकै ठूलो योगदान दिएकोछ ।"



हाल आएर मिना केन्द्रको अध्यक्षको रुपमा कार्य गरिरहनुभएको छ भने उक्त समुहलाई गाउँपालिकामा कृषि समुहका रुपमा समेत दर्ता गरिएको छ । समुहले हाल गाउँपालिका लगायत सरोकारका अन्य निकायबाट समेत विभिन्न सहयोग प्राप्त गरिरहेको छ र नयाँ नयाँ काममा समुह निरन्तर लागिरहेको छ ।  समुहको लगनशिलता, मेहनत र समुदायको मागका आधारमा समुहले बाखाको नश्ल सुधारका लागि वडा कार्यालय मार्फत बिउ बोका प्राप्त गरेको छ भने उक्त बोका मिनाको संरक्षणमा रहेको छ । वातावरण संरक्षण, रासायनिक मल तथा बिषादीको प्रयोगले नकारात्मक असर गर्ने बारे सचेत मिना लगायत समुहका अन्य ४ जना सदस्यले हाल जैविक तरकारी खेतीको सुरुवात गर्नँभएको छ । वन तथा वातावरणका क्षेत्रमा कार्यरत संस्थाको सहयोगमा प्लाष्टिकको प्रयोग दुरुत्साहन गर्न र वातावरण संरक्षणमा योगदान पुग्ने गरी पातबाट दुना टपरी बनाउने मेसिन समेत सञ्चालनमा ल्याउनु भएकोछ  जसबाट समुदायका दिदी बहिनी संगै मिलेर आर्थिक लाभ लिने कार्यमा समेत मिनाको सक्रिय सहभागिता रहदै आएको छ ।



मिना आफूमा भएको परम्परागत सिलाई सीपकामार्फत समुदायका किशोरी तथा महिलाहरुलाई सिलाई कटाई तालिम सिकाउने काममा निकै तल्लिन हुनुहुन्छ । हिजो दबिएर बसेकी मिना हाल दंगिशरण गाउँपालिकाका २ सय भन्दा बढी महिला तथा किशोरीका लागि  सिलाई सीप प्रदान गर्ने गुरुमाका रुपमा परिचित हुनुहुन्छ  ।

## समुहले बदलेको रुपाको जीवन

रुपा वली, दंगीशरण गाँउपालिका वडा न .३ को रावतगाँउ पहाडि टोलमा बस्ने गर्नुहुन्छ। श्रीमान, ३ छोरा २ छोरी र आफु सहित ७ सदस्य रहेको रुपाको परिवारको विगत निकै कष्ट, अभाव र पीडाले भरिएको छ। मदिराको लत लागेका श्रीमान र हुर्कदै गरेका सन्ततीको लागि रुपाले निकै ठुलो दुखको पहाड बोकेर हिड्नुपर्यो। कुरा सुनाउने कोहि नहुदा रुपाले निकै पटक जिन्दगीदेखि हार खाएको बताउनुहुन्छ। न सम्पत्ति न त पारिवारीक सुख उहाँका लागि जीवन कटाउने र मन भुलाउने कुरा केही थिएन। आँखाबाट बग्ने आँसुले रुपालाई कमजोर बनाउँदै लगेको थियो। उहाँलाइ  संसारमा आफु जति दुखी कोही छैन जस्तो लाग्थ्यो।

२०७७ सालमा समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाको सहयोगमा गाउँमा समुह गठन गर्ने प्रस्ताव लिएर संस्थाका प्रतिनिधि आउँदा के, किन समुह गठन गर्ने भन्ने बिषयमा निकै लामो छलफलपछि ठाटिपौवा छलफल समुह गठन भयो। समुह गठनसँगै रुपालाई पनि जीवनमा परिवर्तनको थोरै आशा पलायो।  संस्थाका सहजकर्ताहरुले महिनाको ३ पटक महिला अधिकार, समुदायमा हाम्रो दायित्व, समानता, हिंसा, बालविवाह, मानव अधिकार वातावरण संरक्षण लगायतका बिषयमा छलफल चलाउदै जाँदा आफु हिंसामा  परेको छु भन्ने बुझ्केकी रुपाले आफुलाई विस्तारै बलियो बनाउँदै लैजानुभयो।

आफुले बर्षौदेखि भोगेको पीडा समुहका सदस्यहरु तथा संस्थाका कर्मचारी संगै राखेपछि उहाँ विस्तारै बलियो हुँदै जानुभयो। समुहका अध्यक्ष पार्वता कँडेल, सचिव लगायत समुह सदस्यहरु उहाँको परिवारमा गएर श्रीमानलाई सम्झाइ बुझाई गरेको र त्यसबाट उहाँमा हिंसाका घटनामा केहि समय कमी आयो। तर त्यो लामो समय भने टिकेन।  रुपाले पटक पटक त्यसखालको हिंसाको सामना गर्दा महिला दिदीबहिनीहरुको सहयोगमा ईलाका प्रहरी कार्यालय हेकुली हुदै तुलसीपुरसम्म पुगेको बताउनुभयो। बर्षौसम्म हिंसा सहेर बसेको उहाँलाई हिंसा सहनुहुदैन र यस खालको हिंसा कानुनी रुपमा दण्डनीय छ भन्ने चेत पलाउँदै गयो। उहाँले यसको प्रतिकार गर्ने योजना बनाउनुभयो र यसका लागि उहाँको  आत्मबल  सीड संस्था र समुहका सदस्यहरुले बढाउने काम गरे  ।

संस्थाकातर्फबाट हिंसा अन्त्यका विषयमा विभिन्न तालिम, अभिमुखिकरण, मनोविमर्श शिक्षा समेत पाउनु भएकी रुपाले २०७८ मा हिंसाको सामना गरिरहेका महिलाहरुका लागि जीविकोपार्जन सहयोग अन्तरगत बाख्रापालनका लागि २० हजार सहयोग पाउनुभयो।

आम्दानी वृद्धिका लागि बाख्रा बेचेर फाइदा कमाएर लोकल कुखुरा पनि पाल्नुभएको छ। हाल उहाँको घरमा ४ वटा बाख्रा र २ वटा बोका छन्। केही समय अगाडी उहाँले २९ हजारको बोका बेच्नुभयो। बाख्रा र कुखुराको बिक्रीबाट वार्षिक ८० हजारसम्म आम्दानी हुने भएपछि उहाँको जीवनको खुसी थपिएको छ।

समुहले वडा तथा पालिकाको बजेटको उपभोगमार्फत सामुदायिक भवन, बाटो कल्भर्ट निर्माण गर्न सफल भएको देख्दा उहाँका श्रीमान सहित समुदायका पुरुषहरु, वडा तथा अन्य संघ संस्थाको समेत नजर आफुहरुतिर खिच्न सफल भएको बताउने रुपा सिड संस्थाले हिंसाबाट बाहिर ल्याउन र आम्दानी गरी आर्थिक रुपमा समेत बलियो बनाउन मद्दत गरेकोप्रति आभार व्यक्त गर्नहुन्छ।

# आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संबर्द्धनमा सीड संस्था



भागिराम चौधरी
कार्यकारी निर्देशक
समाजमा वातावणीय शिक्षाको विकास (सीड) संस्था

दाङ जिल्लामा बि.स २०५८ सालमा स्थापना भएको समाजमा वातावणीय शिक्षाको विकास (सीड) संस्थाले दाङ जिल्लामा रहेर विकासका विभिन्न अवसरबाट बञ्चित र पहुँच बारिह रहेका वर्गको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका क्षेत्रमा कार्य गरिरहेको छ । यस संस्थाको मुख्य उद्देश्य लक्षित वर्गका रुपमा महिला, बालबालिका, दलित, सीमान्तकृत समुदाय, द्वन्द्धपीडित वर्गको अधिकार संगै शिक्षा, स्वास्थ्य तथा सरोकारका क्षेत्रमा अर्थपूर्ण सहभागितामा जोड दिदै दीगो जीविकोपार्जनका लागि विभिन्न कार्यक्रम मार्फत पछाडि पारिएका वर्गका पक्षमा आवाज बुलन्द पार्दै जलवायु अनुकुलनका लागि सकारात्मक योगदान दिदै आएको छ ।

थारु बाहुल्य क्षेत्रमा थारु समुदायको अगुवाईमा स्थापित यस संस्थाको मुल उद्देश्य सीमान्तकृत तथा अतिविपन्न वर्गको व्यक्ति तथा समुदायको सम्मानपूर्वक, मर्यादित तथा विकासका सम्पूर्ण आयामहरुमा अर्थपूर्ण सहभागिताका साथ सहज जीवनयापनको वातावरण निर्माण गर्नु रहेको छ । स्थापनाकालदेखि नै हामी हाम्रो लक्ष्य र गन्तब्यका बारेमा इमान्दारीतापूर्वक लागिरहेका छौ । महिला बालबालिका, जातिय विभेदमा पारिएका वर्गहरु, अपांगता भएका वर्ग तथा शिक्षा, स्वास्थ्य लगायतका आधारभुत अधिकारको उपभोगबाट बन्चित भएका समुदाय तथा व्यक्तिहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभुति बिना समतामुलक समाज निर्माण हुन नसक्ने बुझाईका साथ कार्य गरिरहेको यस संस्था सीमान्तकृतवर्गको क्षमता विकास गरी, सामाजिक तथा आर्थिक गतिविधिमा सहभागिता गराउदै नेतृत्व तहमा पुर्‍याउनका लागि सहयोग गर्ने र सरकार तथा सरोकारवाला निकायलाई लैंगिकमैत्री, पारदर्शी र जवाफदेही बनाउनका लागि सामुदायिक तथा सामाजिक संघ संस्था सँगको सहकार्य तथा समन्वयमा कामहरु गर्दै आईरहेकोछ ।

यस संस्थाले केन्द्र, प्रदेश तथा स्थानीय तहमा आर्थिक, सामाजिक तथा साँस्कृतिक सवालमा वकालत तथा पैरवीका लागि समेत सञ्जालीकरणका माध्यमबाट आफ्ना सवाललाई उठान गर्दै आएको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सञ्जाल नेपालको सदस्य रहेको यस संस्था, प्रदेश स्तरमा पनि विभिन्न सञ्जालमा सहभागी रहेको छ । जिल्ला तहमा गैरसरकारी संस्था महासंघको नेतृत्व गरिरहेको यस संस्थाले जिल्लामा आर्थिक, सामजिक तथा साँस्कृतिक अधिकार सञ्जालको सचिवालयको भुमिका निर्वाह गर्दै जिल्लामा रही आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका सवालमा कार्यरत संस्थाहरुलाई गोलबन्द गर्दै जिल्लास्तरदेखि पालिकास्तरसम्म साझा रुपमा वकालत तथा पैरवी गर्दै आएको छ ।

महिला, बालबालिका तथा सीमान्तकृतवर्गको आवाजको सम्बोधन नहुने र भौतिक विकासलाई मात्र विकास सम्झने सरोकारवालालाई सार्वजनिक रुपमा सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकार संरक्षणका लागि प्रतिबद्धता जाहेर गराउन संस्थाले पैरवीको भुमिका निर्वाह गरिरहेको छ । लक्षित वर्गका विविध सवाल सम्बोधनका लागि स्थानीय तहमा, प्रदेश तथा संघीय समेतलाई जिम्मेवार बनाउन संस्थाले स्थानीयतहहरुमा बाल अधिकार संरक्षण, निशुल्क तथा गुणस्तरीय शिक्षा, विद्यालय सुधार योजना, बालविवाह अन्त्यका लागि

स्थानीय रणनीतिक योजना, लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति, लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि लगायतका नीति निर्माणमा प्राविधिक सहयोग समेत गर्दै आएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि २०३० सम्मका लागि निर्धारण गरेको दिगो विकास लक्ष्यको सफल कार्यान्वयनका लागि र नेपाल सरकारले निर्धारण गरेका विभिन्न राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि समुदायस्तरदेखि कार्य गरिरहेको यस संस्थाले सामाजिक समावेशिता, जीविकोपार्जन, वातावरण संरक्षणका क्षेत्रमा आफ्ना कार्यक्रम तथा गतिविधि केन्द्रित गर्दै आएको छ ।

समाजको अतिसीमान्तवर्गका महिला, बालबालिका, अपांगता भएका व्यक्ति, आदिवासी, जनजाति, दलितहरु सदीयौदेखि सामाजिक, आर्थिक,साँस्कृतिक तथा राजनीतिक रुपमा शोषित हुदै आएको देखिन्छ । सदियौदेखि महिलाहरुले पारिवारीक तथा सामाजिक असमानता भोग्दै आएको र विभेदको फलस्वरुप महिलाको शिक्षा, स्वास्थ्य, आर्थिक श्रोत तथा निर्णय प्रक्रियामा सहभागिता नहुने गरेको अवस्थालाई परिवर्तन गर्न र सरोकारका हरेक क्षेत्रमा पछाडि पारीएका वर्गको समानुपातिक सहभागिता सहित समतामुलक समाज निर्माणमा सहयोग गर्नका लागि निरन्तर कार्य गर्दै आईरहेको छ ।

स्थापनाकालदेखि १० बर्षे सशस्त्र द्धन्दबाट प्रभावितहरु लगायत थारु, दलित तथा सीमान्तकृत महिला बालबालिका तथा उनीहरुका परिवारका सदस्यहरुलाई तालिम, सशक्तिकरण तथा आयआर्जनका क्रियाकलापमा समेत सहयोग गर्दै अगाडि बढिरहेको छ । यस संस्थाले पशुपालन, कृषिबाट उद्यमशिलता विकास गरी महिला, तथा युवाहरुलाई गरिबीको अवस्थाबाट माथि उठाउनका लागि काम गर्दै आएको छ ।

कृषिमा विषादी तथा रासायनिक मलको अत्याधिक प्रयोग भइ माटोको उर्बरा समेत ह्रास हुने र जलवायु परिवर्तनमा गम्भिर असर पारिरहेको अवस्थालाई दृष्टिगत गरेर मानव स्वास्थ्य प्रतिकुल ब्यबहारलाई निरुत्साहित पार्दै जैविक खेती प्रबर्द्धनका लागि संस्था अनवरत क्रियाशिल छ । स्थानीयस्तरमा हाते सीपमा आधारीत तालिम प्रदान गरी महिलाहरुको आर्थिक श्रोतसम्म पहुँच बृद्धि गराउदै स्थानीय श्रोत र साधनको प्रयोगमा प्रोत्साहित गरेर हरित व्यवसाय र हरित उद्यम विकासमा ध्यान दिदै कार्यक्रममा तथा संस्थाका गतिविधिमा प्लाष्टिकजन्य बस्तुको प्रयोगलाई व्यावहारिकरुपमा निरुत्साहित गर्ने कुरालाई प्राथमिकतामा राखेका छौ । हामील सञ्चालन गर्ने औपचारीक तथा अनौपचारीक कार्यक्रममा प्रयोग गर्ने ब्यानर, ब्याच तथा खादामा वातावरणमैत्री बस्तुहरुको प्रयोग गर्दै आईरहेका छौ । अन्य सरोकारवाला वर्गहरुले पनि वातावरणमैत्री बन्न र बनाउने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिएको छु । अन्तमा यो हाम्रो अभियानमा सबैलाई जोड्दै उहाँहरुको जीवनशैलीमा सकारात्मक परिवर्तनका लागि आत्मवल र प्रेरणाको स्रोत बन्नमा संस्थाले सफलता प्राप्त गर्ने अपेक्षा गरेको छु ।

धन्यबाद

## सफलताका कथाहरु

### “ प्राङ्गारीक खेतीमा रमायदै जुगराम”

**जिल्ला** : दाङ (नेपाल)
**विशेष घटना कथाको ठाउँ** : तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ मोतीपुर ,दाङ
**घटना कथाको पात्र** : जुगराम चौधरी
**संस्था** : समाजमा वातावरणीय शिक्षाको विकाश (सीड), दाङ

---

**तरकारी खेतीमा रमाउँदै जुगराम**

सीड संस्थाको कार्यक्षेत्र तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ मोतीपुर गाउँ वस्ने ४८ वर्षिय जुगराम चौधरीको १२ जनाको संयूक्त परिवार रहेका छन् ।सामान्य पारीवारीक अवस्था रहेको उनको पुर्खेली पेशा कृषि खेतीपाती रहेको छ । आफ्नो सम्पत्तिको नाममा २ विगाहा रहेकोछ । उक्त जग्गा मध्य १ विघा १० कट्ठामा धान वाली र १० कट्ठामापरम्परागत रुपमा तरकारी खेती गर्दै आईरहनु भएको थियो । रासायनिक तरीकावाट खेती गर्दै आईरहनु भएको जुगराम प्राङ्गारीक खैती गर्ने ईच्छा र चाहना भएता पनि प्राङ्गारीक खेती प्रविधि सम्बन्धि जानकारीको आभावमा प्राङ्गारीक खेतीमा सफल हुन सक्नु भएको थिएन ।

वि.सं.२०७९ सालमा समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्था र डि.के.ए. अष्ट्रियाको सहयोगमा प्राङ्गारीक खेती प्रविधि सम्बन्धि तालिम प्रदान गरिएको थियो । यस तालिम मार्फत प्राङ्गारीक खेती प्रविधिको विषयमा जानकारी प्राप्त गरी प्राङ्गारीक खेतीका लागि आवश्यक पर्ने सामग्रिहरुको तयारी गर्न सुरु गरे । “जुगराम भन्छन म रासायनिक तरीकावाट विगत केहि वर्ष देखि तरकारी खेती गर्दै आईरहेको थिए । रासायनिक खेती वाट सुरुवातको केहि वर्ष राम्रो आम्दानी भएता पनि विस्तारै विभिन्न किसिमका रोग तथा किराको प्रकोप वृद्धि हुदै गयो । खेती गर्दै जाँदा रोग किराको प्रकोप वाट बालीलाई बचाउन निकै समस्या हुन थाल्यो । विषादीको असर क्रमिक रुपमा मानव स्वास्थमा पनि देखा पर्न थाल्यो । यसको विकल्पको रुपमा प्राङ्गारीक खेतीको सुरुवात गरियो तर सो खेती सम्बन्धि आवश्यक ज्ञान र सिपको आभावमा सफल हुन सकिएन । जव सीड संस्था मार्फत प्राङ्गारीक खेती प्रविधि सम्बन्धि तालिम प्राप्त गरी प्राङ्गारक खेतीको सुरुवात भयो । यसको सुरुवातको लागि कम्पोष्ट मलको सुधार र वानस्पतिक विषादी तथा झोल मल तयार गरी २ कट्ठा जग्गामा रायो खेतीको सुरुवात गरे ।



यस सिजनमा रायोको साग विक्रि गरेर २ लाख ५० हजार आम्दानी गरेको उनी वताउछन । उनी भन्छन घरेलु विषादी र झोलमल वाट पनि रोग किराको नियन्त्रण गर्न सकिदो रहेछ । यसको निरन्तर प्रयोगले विरुवालाई

अन्य मलहरु पनि दिनु नपर्ने र गुणस्तरीय उत्पादनमा समेत सहयोग पुगेको बताउँछन । प्राङ्गारीक खेती वाट विगतको वर्षको तुलनामा विषादीमा हुने खर्च रु. २०,०००। बचत भएको उनी बताउछन । यस वर्ष देखि प्राङ्गारीक खेतीको क्षेत्र थप विस्तार गर्दै लैजाने र जैविक मल तथा विषादी उत्पादन गरि प्रयोग गर्ने र कुनै किसिमको रसायन प्रयोग नगर्ने बताउछन जुगराम चौधरी ।

## "फलफुल खेतीमा भविष्य खोज्दै सुलोचना"

**जिल्ला** : **दाङ (नेपाल)**
**विशेष घटना कथाको ठाउँ** : **तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ बखरीया, दाङ**
**घटना कथाको पात्र** : **सुलोचना शेर्पा**
**संस्था** : **समाजमा वातावरणीय शिक्षाको विकाश (सीड), दाङ**



तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ बखरीया निवासी सुलोचना शेर्पा कागती खेती व्यवसायमा रमाउदै आउनु भएको छ । १ विघा जग्गामा फैलिएको उनको कागती खेतीको वगैचा हेर्दा निकै आकर्षक देखिन्छ । बबई नदिले छाडेको गाई वस्तुको चरीचरणको रुपमा रहेका बगर अहिले बगैचाको रुपमा परिणत भएको छ । पहिले फलफुल खेतीको व्यवसाय गर्ने उनको सोच भएता पनि फलफुल खेतीका लागि आवश्यक पर्ने उपयूक्त जग्गा र सिचाईको समस्या र फलफुल खेती सम्बन्धि आवश्यक ज्ञान र सीपको आभावमा यस व्यवसायलाई व्यवसायिक रुपमा अगाडी बढान सक्नु भएको थिएन ।

विगत १८ वर्ष देखि ईन्डियामा फुलफुलको जुस विक्रि गर्दै आउनुभएकी सुलोचना फलफुल खेती गर्ने सोचका साथ नेपाल फर्किएको उनी वताउछिन । २०७७ सालमा बखरीयामा १ विघा जग्गा खरीद गरि १० कठ्ठा वाट कागती खेतीको सुरुवात गरेकी उनी कागतीको उपयूक्त जात र कागती खेतीको बारेमा आवश्यक ज्ञान नहुदा रोपिएको विरुवा फस्टाउन नसकेको र कागती खेती प्रतिको आशा निरासामा बदलिएको उनी तितो अनुभव सुनाईन । जव समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाको सहयोगमा फलफुल खेती वगैचा व्ययवस्थापन सम्बन्धि ३ दिने तालिम प्राप्त गरि पुनह कागती खेती व्यवसायको सुरुवात गरिन । अहिले उनको कागतीको वगैचा १ विगाहा क्षेत्रफलमा फैलिएको छ । उनको बगैचामा कलमी ७५ वोट र विजु २२५ वोट गरी जम्मा ३०० वोटको कागती रहेको छ । कागती खेतीको बगैचा व्यवस्थापन र अन्य प्राविधक सरसल्लाहा सीड संथाले प्रदान गर्दै आईरहेको छ ।

सुलोचना भन्छिन "कागती खेती व्यवसाय व्यवसायिक रुपमा अगाडी वढाउनमा सीड संस्थाको ठुलो योगदान रहेको छ । समय मयमा विन्नि प्राविधिक सरसल्लाहा तथा सहयोग हरु प्राप्त हुदै आएको छ । आगामी दिन

यस व्यवसायलाई बढाउदै जाने सोचमा रहेको बताउदै कागती खेतीका लागि आवश्यक पर्ने विभिन्न किसिमका कम्पोष्ट मल, विषादी तथा झोल मल बनाउनमा समेत संस्थाले सहयोग गर्दै आईरहेको छ। यसका लागि सीड संस्थालाई धन्यवाद दिन चाहन्छु।"

## " बाँस वाट गासको जोह गर्दै निमा "

| | |
|---|---|
| **जिल्ला** | **: दाङ (नेपाल)** |
| **विशेष घटना कथाको ठाउँ** | **: तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ नवलपुर, दाङ** |
| **घटना कथाको पात्र** | **: निमा वस्नेत** |
| **संस्था** | **: समाजमा वातावरणीय शिक्षाको विकाश (सीड), दाङ** |

### बाँस वाट गासको जोह गर्दै



तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ नवलपुर निवासी निमा वस्नेतको साहारा बाँस वनेको छ। सामान्य पारिवारीक अवस्था रहेको उनको ४ जनाको सानो परिवार छ। परिवारको आवश्यकता पुरा गर्ने शिलशिलमा उनको श्रीमान कतारमा तिन वर्ष विताएता पनि सोचे अनुसार को कमाई नभएपछि अन्नतत स्वदेशमा फर्किनु पऱ्यो। दुवैजाना वेरोजगार भएर वस्नुपर्दा घरपरिवारको दैनिक आवश्यकता र छोराछोरीलाई पठनपाठन गराउन समेत समस्या हुन थाल्यो। कुनै व्यवसाय गरौ भन्दा नत आफ्नो हातमा सिप छ नत पैसा छ नत अन्य कुनै रोजगारी। यो कुराले उनलाईपिरोल्यो।



समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्था द्वारा गठित प्रगती महिला समुहमा हस्तकला निर्माण तालिम सम्बन्धि छलफल भएपछि उनी उक्त तालिममा सहभागी हुने निर्णय गरिन। डि.के.ए. अष्ट्रियाको सहयोगमा १५ दिने हस्तकला निर्माण सम्बन्धि तालिम सञ्चालन भयो। उक्त तालिममा उनी पनि सहभागी हुने अवसर प्राप्त गरिन। उक्त तालिममा हस्तकला निर्माण सम्बन्धि मुडा, डाली, टेवल, कुर्षि , फोटोफ्रेम लगायतका सामग्रिहरु बनाउन सक्ने भईन। अहिले उनी तालिममा सिकेको सिपको सदुपयोग गर्दै घरमै बसेर यिनै सामाग्रिहरु तयार गरि विक्रि वितरण गरिरहेकी छिन। प्रगती महिला समुहकी सचिव रहेकी निमा भन्छिन "मुडा बनाउने तालिम सिकेपछि म आफ्नो घरको बाास वाट मुडा बनाउने काम गर्छु। मुडा, डाली, टेवल, कुर्षि , फोटोफ्रेम लगायतका सामग्रिहरु तयार गरि विक्रि वितरण गरिरहेको छु। यसले मेरो घर खर्च लगायत अन्य

आवश्यकताहरु पुरा हुदै आएको छ। यस कार्यमा मेरो श्रीमाणको साथ र सहयोग पनि पाईरहेको छु। अहिले म र श्रीमाण मिलेर बाँस बाट निर्मित सामग्रिहरु तयार गरिरहेका छौ । ति सामग्रिहरु रु. ३०० देखि रु. ६००। सम्म विक्रि गरिरहेको उनी बताउँछिन" । यस वाट मासिक रुपमा रु. ८००० देखि रु. १२००० सम्म अम्दानी गरिरहे की छिन ।



अहिले उनलाई बाँसवाट निर्मीत समग्रिहरु बनाउनमा भ्याई नभ्याई छ । मानिसहरुको मागको आधारमा सामग्रिहरु पुऱ्याउन नसकेको उनी बताउछिन । वेरोजगार भएर वसिरहेको अवस्थामा सीपि सिकाई आत्मनिर्भर वनाउनमा सिड संस्थाको ठुलो योगदान रहेको छ, निमा वस्नेत बताउछिन् ।

**“ स्थानिय सरकार संग जोडिदै कृषक समुह ”**

| | |
|---|---|
| **जिल्ला** | **: दाङ (नेपाल)** |
| **विशेष घटना कथाको ठाउँ** | **: तुलसीपुर उपमहानगरपालिका वडा नं. १६, दाङ** |
| **घटना कथाको पात्र** | **: मिलिजुली कृषक समुह** |
| **संस्था** | **: समाजमा वातावरणीय शिक्षाको विकाश (सीड), दाङ** |

**स्थानिय सरकार संग जोडिदै कृषक समुह**



सामान्य कृषि खेती र ज्याला मजदुरी गर्दै आईरहेका किसानहरु अहिले व्यवसायिक आर्गनिक तरकारी खेतीमा लागेका छन । हेर्दा लस्करै देखिने प्लाष्टिक घरहरुले यस ठाउको शोभा बढाएको छ। तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ रत्तैमा अवस्थित मिलिजुली कृषक समुहले सुरुवात गरेको आर्गनिक तर कारी खेतीको हो। किसानहरु सामान्य रुपमा घरमा खानका लागि मात्र करेसावारीमा तरकारी उत्पादन गर्दै आएका थिए । सिचाईको लागि पऱ्याप्त पानीको सुविधा भएता पनि खाद्यान्न बालीहरु मात्र उत्पादन गर्ने गर्दथे । खाद्यान्न तथा तरकारी बालीमा रासायनिक मल तथा विषादीको प्रयोग दिन प्रतिदिन वृद्धि हुदै गएको थियो। उत्पादन वृद्धिको लागि हाईव्रिड विउको अत्यधिक मात्रामा प्रयोग हुन थाल्यो फलस्वरुप रैथाने तथा उन्नत जातका विउहरु लोप हुदै गए। जसको कारण बाली विरुवामा विभिन्न किसिमका रोग तथा किराहरुको प्रकोपमा वृद्धि हुन थाल्यो र विस्तारै उत्पादनमा कमि आउन थाल्यो ।



जव २०७५ सालमा समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्था द्वारा मिलिजुली नामक कृषक समुह गठन र नियमित रुपमा परिचालन हुन थाल्यो । उक्त समुह मार्फत समुह दर्ता प्रकृया मौसमि तथा वेमौसमि तरकारी उत्पादन, आर्गनिक खेती प्रविधि, रैथाने जातका विउहरुको संरक्षण र प्रवर्द्धन लगायतको विषयमा समुहको क्षमत विकास गरिएको थियो । यसरी तालिम प्राप्त भएपछि समुहको क्रियाशिलता बढ्न थाल्यो र २०७८ सालमा कृषि विकास शाखा तुलसीपुरमा समुह दर्ता गरी किसानहरु तरकारी खेती व्यवसायको सुरुवात गरे । समुह दर्ता भएको केहि समय पछि सामुहिक फलफुलका विरुवा उत्पादनका लागि तुलसीपुर उपमहानगरपालिका वाट एक वटा प्लाष्टिक घर सहयोग प्राप्त भयो । यसवाट समुहले कागती , अनार र आपको विरुवा उत्पादन गरि रु. १,००,०००। को आम्दानी गरेको थियो । यसैक्रममा २०८० सालमा रैथाने ताथ उन्नत जातका धानहरुको प्रवर्द्धन र प्रविधिको विकासका लागि प्रस्तावना पेश गरि तुलसीपुर उपमहानगरपालिकाको ५० प्रतिशत सहयोगमा ३० विघाहा जग्गामा हर्दिनाथ ६ धानको खेती र ५ वटा मिनि टिलर र १ वटा रिपर प्राप्त गरेको थियो ।



यसै क्रममा आर्गनिक तरकारी खेतीको प्रवर्द्धनका लागि समुहका सदस्यहरुलाई व्यवसायिक रुपमा अगाडी बढाउनका लागि तरकारी खेती पकेट विकास कार्यक्रमका लागि प्रस्तावना लेखन कार्यमा सीड संस्थाले सहयोग गरिको थियो । उक्त कार्यक्रमका लागि तुलसीपुर उपमहानगरपालिकामा प्रस्तावना पेश गरि समुहले रु. २०,५६,०००। को लागतमा ६४ वटा प्लाष्टिक टनेल, १० वटा भर्मि कम्पोष्ट वेड, २ वटा भकारो सुधार ३ वटा सिचाई मोटर सम्झौता गरि कामको थालनी गरिएको छ । यस कार्यमा समुहलाई सफल वनाउनमा सिड संस्थाको महत्वपुर्ण योगदान रहेको समुहका उपाध्यक्ष सुनिता चौधरीले वताउनु भयो ।

रितु चौधरी, बालक्लब सदस्य
शान्तिनगर गाउँपालिका वडा नं ४
जुम्लेकुला दाङ



## बालविवाह कुप्रथा

बालविवाह कुप्रथा हो अन्त्य हुनुपर्छ ।
कुप्रथालाई हटाउन अघि बढ्नुपर्छ ॥

कानुनले नै बन्देज गर्द कम उमेरको बिहे
समाजबाट हटेछ कुप्रथा सबले मनमा लिए ॥

बालविवाह अपराध हो सबले जान्नुपर्छ ,
कानूनको कुरा हजुर सबले मान्नुपर्छ ॥

न त उमेर परिपक्व न त स्वास्थ्य राम्रो ,
कम उमेरमा बिहे गर्दा स्वास्थ्य बिग्रीयो हाम्रो ।

बिहेवारी भन्ने कुरा होईन कुनै खेल
तीस हजार जरिवाना तीन बर्ष जेल

बालविवाहमुक्त वडा हुन्छ मिलिजुली
गाउँ समाजमा सचेतना फैलाउँ सबै मिली ।

हाम्रो गाउँ बालविवाह मुक्त हुनुपर्छ
हाम्रो जीवन हामीले सुन्दर पार्नुपर्छ ।

गंगा पुरी
अध्यक्ष, शान्ति महिला छलफल समुह
दंगिशरण ३ दाङ



## विदेशको पीडा

नेपालमा छैन रोजगार विदेश तिर हिड्नुपर्ने ।
एक छाक खानपनि हेर दिनरात भिड्नपर्ने ॥
युवाहरु विदेशतिर कलेज सारा खाली भए
बुढाबुढी गाउँघरमा रुदै दिन जानी भए ॥
जीवन धान्न जानैपर्ने सबै युवा विदेश तिर
छोराछोरी बाउ नचिन्दा हुन्छ होला कति पिर ॥
आफ्ना जीवन धितो राखि विदेश तिर जानुपर्दा ,
कति पिडा हुन्छ होला घरपरिवार छोड्नुपर्दा ॥
भिडियो कलमा भए पनि विदेश बाट कुरा गर्दा
कति पिडा हुन्छ होला घरपरिवारले आँसु झार्दा ॥
रोजगारीको सिलसिलामा बिते बर्षौं दिनहरु
रोजगार नपाई बस्नु भन्दा नजन्मेकै वेश बरु ॥

## न्याय

कसका लागि बाँच्नु यहाँ, न्यायका लागि जानु कहाँ?
अन्यायमा परेकालाई कसले न्याय दिन्छ यहाँ?
जसले न्याय पाउनुपर्ने उसले न्याय पाको छैन ।
हामी सबै नेपाली हौ उचित न्याय भाको छैन ॥

जसले विकास गर्न खोज्छ उसकै खुट्टा काट्छन यहाँ ,
अन्यायमा पर्दा हामी न्याय खोज्न जाने कहाँ?
सहि न्याय दिने व्यक्ति यो समाजमा आउनुपर्छ,
गल्ती गर्ने मान्छेले सधै सजाय पाउनुपर्छ ।
कसका लागि बाँच्नु यहाँ, न्यायका लागि जानु कहाँ?
अन्यायमा परेकालाई कसले न्याय दिन्छ यहाँ?



**सरिता चौधरी, सामाजिक परिचालक,**
सीड संस्था, शान्तिनगर गाउँपालिका

जानी राखौ है साथी सुनिराखौ है,
घरेलु हिंसा अपराध हो बुझिराखौ है ।
छोरी चेली बुहारी जन्म दिने आमा
आफ्नै बाट पर्ने गर्छन घरेलु हिंसामा ॥

नारीमाथि यति साह्रै शोषण किन हो?
हत्या हिंसा आतंक दिनहु दिन भो ॥
८० बर्षे आमा पनि रुन्छिन बुढेसकालमा
बोक्सी आरोप लगाई दिसा ख्वाउछन् राखी थालमा ॥

शारीरिक मानसिक यौनजन्य पिडाले
महिलाले दुख पाउछन् घर भित्रकै हिंसाले
यौन शोषण दुर्व्यबहार, कुटपिटमा पर्छन
देहव्यापार बेचबिखन बलात्कृत हुन्छन

ओत लगाउने ठाँउ छैन मुसलधारे पानी दर्कियो ।
फेरी अर्को घटना घट्यो चेलीमाथि एसिड छर्कियो ॥
अझैपनि खैत हामीले न्याय पाएको
कति दिन हेर्नु दिदी हिंसा सहेको?

नसकेर बालबच्चा गर्न पालनपोषण
कति नारी विदेश गए उतै परे शोषण
यति मात्र कहाँ हो र शोषण पछि मृत भए ।
न्याय निसाफ पाउनृ हैन बाकसमै फिर्ता भए ॥

महिलाले गर्ने काम पुरुषलाई बाधा हुन्छ
पुरुषको ज्याला भन्दा महिलाको आधा हुन्छ ।
भन्ने बेला महिला पुरुष एक सिक्काका दुईपाटा
व्यबहारको थिचोमिचो नसहौ है आजैबाट ।

जति शिक्षा दिए पनि चेतनाको अभाव
हिंसाले नै पछि पर्यो यो हाम्रो समाज
थाहा पाउ है सब जनाले कानूनका दफा
हिंसा गर्ने गराउनेलाई कानुन छ कडा ॥

**मुक्तक**



**रोशन चौधरी, अध्यक्ष बुराडाबर**
**यूवा क्लब, शान्तिनगर ७ दाङ**

छुवाछुत अनि भेदभाव अझै गर्छ यो समाज
दिनदुखीबाट टाढा बसाई सार्छ यो समाज
जतिसुकै स ॅसभ्य अनि शिक्षित बनेपनि
ठुलो सानो धनी गरीब भनि लड्छ यो समाज ॥

कसैलाई मोजमस्ति कसैलाई खिन्न हुदैन
सानो ठुलो छुवाछुतले मान्छे छिन्न हुदैन
हत्या हिंसा अनि बलात्कारले गर्दा
शान्तिको देश नेपाल अनि समाज भिन्न हुदैन ॥

---

**गीत**

**अरुण केसी, मिनु गिरी**
शान्तिनगर गाउँपालिका वडा नं २ पानी टंकी

आमा बालाई छोड्दैन नाम्लो
यस्तै तालमा बित्यो नि दिन हाम्रो ।
सम्झिरुन्छु त्यो माईती घरलाई
हटाउ बहिनी त्यो भित्री डरलाई ॥

अरु देशमा पाईलट बन्दैछैन
हामीलाई घरमा बिहे गर भन्दैछन् ।
सम्झीरुन्छु त्यो माईती घरलाई
हटाउ बहिनी त्यो भित्रि डरलाई ॥

१४ बर्ष मै बिहे गरेको
पाठेघरमा छ असर परेको ।
सम्झीरुन्छु त्यो माईतीघरलाई
हटाउ बहिनी त्यो भित्रि डरलाई ॥

जुठा भाडा परेको माँझ्नलाई
मौका छैन एक फेर हाँस्नलाई।
सम्झि रुन्छु त्यो माईतीघरलाई
हटाउ बहिनी त्यो भित्रि डरलाई ॥



गीत

**सरस्वती न्यौपाने**

**जनशक्ति छलफल समुह, शान्तिनगर २ अमुवा_**

**बालविवाह नगरौ**

बालविवाह नगर भुलेर
यो सन्देशलाई छरौ है खुलेर
एउटा चिठी लेख्न मन लाछ,
यो समाजलाई कसरी सुधार्ने
त्यस्तो सपना देख्न मन लाछ ॥

हे पर्यौ भने विभिन्न हिंसामा
न्याय खोजौ नबसौ चिन्तामा ।
एउटा चिठी लेख्न मन लाछ,
यो समाजलाई कसरी सुधार्ने
त्यस्तो सपना देख्न मन लाछ ॥

हे छोराछोरी दुबैलाई पढाऔ है
अधिकार खोज्नलाई लडौ है
एउटा चिठी लेख्न मन लाछ,
यो समाजलाई कसरी सुधार्ने
त्यस्तो सपना देख्न मन लाछ ॥

हे अधिकार र मागेर पाईदैन
शोषण दमन हामीलाई चाहिदैन
एउटा चिठी लेख्न मन लाछ,
यो समाजलाई कसरी सुधार्ने
त्यस्तो सपना देख्न मन लाछ ॥



**हेमा पोख्रेल**

**सक्रिय छलफल समुह शान्तिनगर गाउँपालिका वडा नं ६ कोर्बाङ दाङ**

उठौ उठौ दिदी र बहिनी हो
महिला हिंसा बालविवाह रोक्नलाई

घरकाले हेला गरे लोग्नेले साथ दिएन
के हो रात केहो दिन पत्तै भएन
उठौ उठौ दिदी र बहिनी हो
महिला हिंसा बालविवाह रोक्नलाई

कोही को हत्या आफ्नै घरमा कोही बलत्कारमा
बबईको नदी सरी रगत बगेछ ।
उठौ उठौ दिदी र बहिनी हो
महिला हिंसा बालविवाह रोक्नलाई

उठौ उठौ दिदी र बहिनी कम्मरै कसेर
न्याय हामीले पाउने छैनौ चुप लागि बसेर
उठौ उठौ दिदी र बहिनी हो
महिला हिंसा बालविवाह रोक्नलाई

# बालबिवाह अन्त्य : चुनौती र अवसर



उमेश खरेल
कार्यक्रम संयोजक
बालविवाह तथा लैंगिक हिंसा अन्त्य अभियान

विश्वको इतिहासलाई दृष्टिगत गर्दा बालबालिकाहरुका लागि पनि छुट्टै खालको अधिकार चाहिन्छ भन्ने मान्यताको अनौपचारीक रुपमा धेरै अगाडि देखिनै उठान हुदै आएको पाइन्छ । बालबालिकाको अधिकार आम कानुनले सम्बोधन गर्न नसक्ने भन्दै उनीहरुका अधिकारहरु सुनिश्चित गर्नका लागि अलग खालको कानून निर्माणको पहलकदमी विभिन्न पक्षबाट निरन्तर भइरहेको थियो । अनौपचारिक ढँगले आवाजाहरु उठेपनि बालअधिकार सम्बन्धि ठोस नीति तर्जुमा गर्ने श्रेय संयुक्त राष्ट्रसंघलाई जाने गर्दछ । सन् १९८९ मा संयुक्त राष्ट्रसंघबाट बालअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदनले औपचारिक प्रवेश पाएको देखिन्छ । नेपाल पनि सन् १९९० मा उक्त महासन्धिको पक्ष राष्ट्र भएसंगै नेपालमा बालबालिकाका लागि पनि छुट्टै नीति, बालबालिका सम्बन्धि ऐन २०४८ पारित भई कार्यान्वयनमा आएको थियो । बाल अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिले बालबालिका भनेर १८ बर्षभन्दा कम उमेरका मानिसहरुको समुहलाई परीभाषित गरे को छ । तर नेपालले आफ्नो परीभाषामा १६ बर्ष भनि व्यवस्था गरेकोमा बालबालिका सम्बन्धि ऐन २०७५ ले बालबालिकाको उमेरको दायरा १८ पुऱ्याई अन्तर्राष्ट्रिय कानुनसंगको मतभिन्नतालाई मेटेको छ ।

नेपालको संविधान, मुलुकी अपराध संहिता ऐन २०७४, मुलुकी देवानी संहिता ऐन २०७४ तथा नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जाहेर गरेका प्रतिवद्धता दिगो विकास लक्ष्य २०१६-२०३० समेतका आधारमा बालविवाह मानवअधिकार बिरुद्धको गम्भिर कसुरका रुपमा लिएको छ । जसले लैंगिक असमानतालाई बढावा दिनुका साथै हिंसा, गरिबी, अशिक्षा, परनिर्भरता र बेरोजगारीलाई समेत बढाई नेपालको आर्थिक विकासमा नकारात्मक योगदान दिने गरेकोछ ।

नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरेकोमा धारा ३९ मा बालबालिका सम्बन्धि हकको व्यवस्था रहेकोछ । यस धाराको उपधारा १ देखि ९ सम्म बालअधिकारको संरक्षणको बिषयमा व्याख्या गरेको छ भने उपधारा १० मा पीडकलाई कानुनी कारबाही तथा पीडीतलाई उचित क्षतिपुर्तिको समेत व्यवस्था गरेको छ जसमा बालविवाह गर्न नपाईने र यदी कोही कसैले बालविवाह गरे वा गराए कानुनी कारबाहीको विषय हुने स्पष्ट रहेको छ । मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न, गराउन नहुने र यदी कसैले २० बर्ष उमेर नपुगी विवाह गरे वा गराए ३ बर्ष कैद र ३० हजार रुपैया जरीवानाको व्यवस्था स्पष्ट शब्दमा लेखिएको छ । यसरी कानूनी कारबाहीको बिषय भएको र यस सम्बन्धमा नेपाल सरकार समेतले सन् २०३० सम्म बालविवाहको अन्त्य गर्ने उदेश्य लिएको अवस्थामा प्रदेश तथा स्थानीय सरकार समेतको ध्यान यसतर्फ आकृष्ट हुनुपर्ने देखिन्छ ।

बालविवाह अन्त्यका लागि नीति निर्माण तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जाहेर गरिए पनि यसको अन्त्यका लागि राज्य तथा राज्यका निकायहरुले ठोस योजना तथा कार्यक्रम र आवश्यक बजेटको व्यबस्थापन गर्नेतर्फ प्रयाप्त ध्यान दिन नसक्दा र सामाजिक विकासका बिषयलाई गौरबको विषयका रुपमा लिन नसक्दा बालविवाह अन्त्य गर्नेतर्फ ठोस प्रगति भएको देखिदैन । राष्ट्रिय जनगणना रिपोर्ट २०७८ को नतिजा अनुसार विवाहित

महिलाहरु मध्ये ७६.५ प्रतिशत महिलाहरुको विवाह २० वर्षको उमेर अगावै भएको देखिन्छ । यस खालको तथ्यांकलाई विश्लेषण गर्दा हामी अझैपनि मानव विकासका निकै धेरै सूचकमा पछाडि परिरहेकोको कारण बालविवाह हो भन्न सकिन्छ । बालविवाह अन्त्यका लागि कानुन निर्माण मात्रै प्रयाप्त छैन भन्ने कुरा अहिले सर्वत्र महसुस गरिएको छ । जबसम्म सामाजिक चेतनाको विकास गर्न सकिदैन तबसम्म बालविवाह अन्त्यको नारा केवल नारामा मात्रै सिमित हुने देखिन्छ ।

यस सन्दर्भमा नेपालले संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको अवलम्बन गरिरहेको अवस्थामा अधिकार सम्पन्न स्थानीय सरकार सञ्चालन भईरहेको र जनताको सरल पहुँचमा रहेको स्थानीय सरकारको हातमा समेत एकल तथा संयुक्त अधिकारको कार्यान्वयन गर्न सहज परिस्थिती रहेकोले बालविवाह लगायत सामाजिक असमानता अन्त्यका लागि निकै ठुलो अवसर हाम्रा सामु रहेको छ । तर नेपाली समाजमा बढ्दो बेरोजगारी, आर्थिक तरलता, सुशासनको अभाव तथा नातावाद तथा चरम राजनीतिकरणका कारण र दीर्घकालीन योजनाको अभावमा हाम्रा सामु भएका सुन्दर अवसरको पहिचान गर्न नसक्दा अझै लामो समय बालविवाहलाई कानुनी अपराध भन्दा भन्दै पनि अन्त्य गर्न सक्ने अवस्था देखिदैन ।

**संस्था द्वारा संचालित बिभिन्न परियोजनाहरु मार्फत आ.व २०७९/०८० मा सम्पन्न क्रियाकलापहरु :**

## १. परियोजनाको नाम : बबई कृषि तथा पशु उद्यमशिलता विकास परियोजना

**पृष्ठभुमि :**

बबई गाउँपालिकामा कृषक महिला तथा स्थानिय युवाहरूलाई लक्षित गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यावसायको विकास गर्नका लागी बबई गाँउपालिका, हेफर प्रोजेक्ट नेपाल र समाजमा वातावरणीय शिक्षाको विकास (सीड) दाङ संगको सहकार्यमा बबई गाँउपालिकामा यो परियोजना संचालन भएको छ। परियोजनाले प्रत्यक्ष रुपमा १,६०० महिलाहरु आबद्ध गरी लाभ दिएको छ।

यस परियोजनाको लक्ष्य प्रत्यक्ष रुपमा आबद्ध विपन्न, दलित तथा जनजाति परिवारहरूको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्नु रहेको छ। यस परियोजनाको निर्दिष्ट उद्देश्यहरूमा आबद्ध महिलाहरूलाई स्वावलम्बी समूहहरु तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको कृषि तथा पशु व्यवसाय व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुसरणबाट कृषि तथा पशु वस्तुहरूको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ।

समाजमा वातावरणिय शिक्षाको बिकास (सीड) संस्थाको सहजिकरणमा बबई गाँउपालिकाका ७ वटै वडामा संचालन भईरहेको **बबई कृषि तथा पशु उद्यमशिलता बिकास परियोजना** अन्तर्गत यस आ.व २०७९/०८० का लागी तर्जुमा गरिएको कार्ययोजना सम्पन्न गरिएको छ। समुहमा आबद्ध किसानहरुलाई उद्यमी बनाउने मुख्य उदेश्यका साथ संचालन भएको परियोजनाले पालिकामा गठन गरिएका सबै समुहहरुमा बिभिन्न तालिमहरु मार्फत क्षमता अभिबृद्धि गर्नका लागी बिभिन्न तालिमहरु सम्पन्न गर्नुका साथै कृषि र पशुपालन पेशालाई सरल र सहज गराउनका लागी साना तथा ठुला पशुको खोर गोठ सुधार कार्य सम्पन्न गरिएको छ।

**परियोजनामा मार्फत प्रत्यक्ष रुपमा लाभान्वित बर्गको विवरण :**

| क्र.स | वडा नम्बर | समुह संख्या | लाभान्वित संख्या ( महिला ) | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | |
| १ | १ | ८ | ४६ | ८३ | ७१ | २०० |
| २ | २ | ८ | १७ | २३ | १६० | २०० |
| ३ | ३ | ८ | ५१ | २७ | १२२ | २०० |
| ४ | ४ | ८ | १२५ | १३ | ६० | २०० |
| ५ | ५ | ८ | २९ | ६१ | ११० | २०० |
| ६ | ६ | १२ | १८ | १०८ | १७४ | ३०० |
| ७ | ७ | १२ | ४१ | १०३ | १५६ | ३०० |
| ८ | जम्मा | ६४ | ३२६ | ४१८ | ८५३ | १६०० |

**परियोजनाका मुख्य - मुख्य उपलब्धिहरु**

- परियोजना मार्फत ६४ वटा स्वावलम्बी समुह गठन गरि सामुहिक कार्यको शरुवात ।
- समुहलाई सक्रिय र व्यबस्थित गर्नका लागी समुहमा २ दिने समुह व्यबस्थापन तालिम प्रदान गरि एको । समुहको हिसाव किताव र आयव्यय विवरण चुस्त दुरुस्त राख्न थालेका छन ।
- समुहलाई आधुनिक कृषि प्रबिधिमा जोड्नका लागी परियोजना मार्फत आधुनिक कृषि सामाग्रीहरु मिनि टेलर, चाप कटर र कर्न थ्रेसर उपहार गरिएको र उक्त सामाग्रीहरुले किसानहरुमा केहि सहजता भएको पाइइएको छ ।
- पशुपालनलाई कसरी व्यबस्थित बनाउने र आयआर्जन संग जोड्ने बिषयमा रहेर समुहलाई १ दिने पशु तथा स्रोतको उचित व्यबस्थापन तालिम प्रदान गरिएको ।
- पशु व्यबस्थापन तालिम प्राप्त गरे पश्चात किसानहरु बाख्राको खोर सुधार तथा निर्माण कार्यमा तत्पर देखिएको र परियोजना बाट रु १५००० अनुदान प्राप्त गर्ने गरि परियोजनामा आबद्ध ५४ जना किसानहरुले परियोजनाको मापदण्ड अनुसारको खोर निर्माण सम्पन्न गरेको ।
- वडा नम्बर ६ मा रहेको सुभकार्य स्वाबलम्बी समुहका ७ जना भैसी पालक किसानहरुले परियो जनाको मापदण्ड अनुसार ७ वटा भकारो निर्माण गरेको ।
- सहकारी मार्फत सामुहिक बजारिकरणको शुरुवात भएको छ ।
- सबै समुहहरुले परियोजना बाट आधारशिला तालिम प्राप्त गरेको र तालिम पश्चात समुह स्वीच्छिक रुपमा बिभिन्न उपहारहरु आदान-प्रदान तथा सामुहिक रुपमा बिभिन्न सामाजिक कार्यहरु गरेको ।
- घर घरमा पशु स्वास्थ्य संग सम्बन्धित बिभिन्न ज्ञानमुलक पोष्टरहरु टाँसिएका छन जसले गर्दा किसानहरुमा बिभिन्न पशु स्याहारका ज्ञानहरुको बृद्धि भएको छ ।
- पशुलाइ नियमित जुकाको औषधि खुवाउने, पशु बिमा गर्ने लगायतका कार्यहरुमा किसानहरु सचेत हुन थालेका छन ।

**असल अभ्यास तथा सिकाईहरु :**

- परियोजना र स्वावलम्बी समुहको महत्व एवम् कामको बारेमा बुझाए पश्चात समुहका दिदीबहिनीहरु नियमित रुपमा मासिक बैठक बसि सहकार्य तथा कृषि र पशुबस्तुको उत्पादन बृद्धिका बिषयमा छलफल गर्न थालेका छन् ।
- आधारशिला तालिम पश्चात समुहका दिदीबहिनीहरुले स्वत :स्फुर्त एकअर्कालाई रुपमा एकअर्कालाई उपहार प्रदान गर्न थालेका छन ।
- आधारशिला तालिम पश्चात समुहका दिदीबहिनीहरुले स्वत :स्फुर्त रुपमा बिभिन्न सार्वजानिक स्थलहरुको सरसफाई र संरक्षण गर्न थालेका छन ।
- किसानहरुलाई पशुस्वास्थ्य तथा पशुबिमाको महत्वको बारेमा भएका बिभिन्न तालिम तथा अभिमुखिकरण पश्चात किसानहरु पशुहरुलाई नियमित रुपमा जुकाका औषधी खुवाउने तथा पशु बिमा गर्ने काममा अग्रसर देखिएकाछन ।

**समस्या तथा चुनौतीहरु**

- बजेटको निकाशा समयमै नहुनु तथा सम्झौता अनुसारका कार्यक्रमहरुका लागी बजेटको सुनिश्चिचता नहुनु ।
- पछिल्लो समयमा कृषि तथा पशु उत्पादनले उचित मुल्य नपाएकाले समुहमा आबद्ध दिदिबहिनीहरुलाई कृषि तथा पशुपालन पेशामा आकर्षित गर्न निकै कठिन हुनु ।
- कृषि तथा पशु उत्पादनको उचित र नियमित वजारिकरणका लागी सम्बन्धित निकायहरुको उचित ध्यान नपुग्नु ।
- किसानहरुले परियोजना एवम् गाँउपालिकाबाट बिभिन्न अनुदान, सहयोग तथा स्रोतको अपेक्षा गर्नु तर किसानको माग अनुसारको काम गर्न बजेट अपुग हुनु ।
- आधारशिला तालिम प्राप्त गरे पश्चात केहि गर्नुपर्छ भन्ने सोच बनाएका दिदिबहिनीहरुले घर परिवार तथा समुदायबाट उचित खालको सल्लाहसुझाव एवम् हौंसला प्राप्त गर्न नसक्नु ।
- किसानहरुमा व्यबस्थित खोर सुधारको सोच भएता पनि खोर सुधारका लागी किसानहरुले बिभिन्न सामुदायिक बनहरुबाट काठ प्राप्त गर्न नसक्नु ।
- बबई ७ को मलई, बबई ५ को जौवारी तथा बबई १ का किसानहरुलाई छिटो छरितो र सुलभ प्राबिधिक सेवा प्रवाह गर्नका लागि जनशक्तिको निकै अभाव हुनु ।

## २. बालबिबाह तथा लैंगिक हिंसा अन्त्य अभियान परियोजना

### क. कार्यक्रमको पृष्ठभुमि

समाजमा वातावरणीय शिक्षाको बिकास (सीड) संस्थाले आई.एम स्वीडिस बिकास साझेदारको साझेदारीमा दाङ जिल्लाका दुई स्थानिय तहमा बालविवाह तथा लैंगिक हिंसा अन्त्य अभियान परीयोजना कार्यान्वयन गरीरहेको छ । यस परीयोजनाले समुदायमा ब्याप्त बालविवाह तथा लैंगिक हिंसा अन्त्य संगै बिभेदमुक्त समतामुलक समाज निर्माण गर्नका मुल उदेश्यका साथ समुदाय, समुदायका सरोकारवाला, महिला, किशोर किशोरी, युवा, धार्मिक तथा सामाजिक अगुवा, नेपाल प्रहरी, वडा कार्यालय तथा वडा पालिकाका जनप्रतिनिधि, अधिकारका क्षेत्रमा कार्यरत बिभिन्न सामुदायिक तथा सामाजिक संघ संस्थाहरु लगायतको सहकार्य तथा सहभागितामा क्षमता बिकास, परीचालन तथा पैरवि लगायतका कार्य गर्दै आईरहेकोछ। यसका अलावा स्थानिय तह तथा प्रदेश सरकारलाई समेत लक्षित समुहका लागि प्रयाप्त कार्यक्रम तय गर्नका साथ साथ अर्थपुर्ण सहभागिताका लागि समेत आवश्यक सहयोग, निति पैरवी तथा वकालत गर्दै आईरहेकोछ ।

**ख. कार्यक्रमको मुख्य उदेश्यः** महिला तथा बालबालिका माथि हुने हिंसा अन्त्य गरि मानब अधिकार (लैंगिक समानता र सामाजिक न्याय) प्रबद्धन गर्ने रहेको छ भने, यस कार्यक्रमले **गरिब तथा सिमान्तकृत समुदायका महिला तथा बालिकाहरु माथि हुने लैंगिक हिंसा र बालबिबाहको अन्त्य गरि निर्णय प्रक्रियामा सहभागिता बृद्धि, श्रोत सम्मको पहुँच बृद्धि र सामाजिक समाबेशिकरणमा बृद्धि भई मर्यादित जिवनयापन गर्न सक्षम हुनेछन्** भन्ने अपेक्षा सहित कार्यक्रम सञ्चालन गरीरहेकोछ। यसका अलावा यस कार्यक्रमका तर्फ बाट हासिल

गर्न अपेक्षा गरीएका अन्य उदेश्यहरु यस प्रकार रहेकाछन् ।

१.समुदाय स्तरमा लैंगिकमैत्री बाल तथा महिला संरक्षण प्रणालि स्थापना गरि बालबिबाह, लैंगिक हिंसा र अन्य बिभेदकारि अभ्यासहरु बाट महिला तथा बालबालिकाको संरक्षण गर्ने ।

२. समुदाय स्तरमा बालबालिका तथा महिलाहरुका लागि क्षमता बिकास तालिम प्रदान गरि सामाजिक समाबेसिकरणमा सहयोग पुऱ्याउदै बिभिन्न अवसर र श्रोत सम्मको पहुच स्थापित गराउन सहयोग गर्ने

३. बालबिबाह तथा महिला लैंगिक बिभेदको अन्त्य, बिभेदकारि निति अन्त्यका लागि समुदाय, स्थानिय सरकार र प्रादेशिक सरकारको जबाफदेहिता तथा शुसासन अभिबृद्धि गर्न मदत गर्ने ।

४.सिड संस्थाको संस्थागत क्षमता अभिबृद्धि गर्दै रणनैतिक वकालत र संस्थागत बिधि बिकास गर्ने ।

## ग. कार्यक्रम अन्तरर्गत गठन तथा सञ्चालन भएका समुह तथा सञ्जालहरु

| क्र.स | समुहको किसिम | स्थानिय तह | समुह संख्या |
|---|---|---|---|
| १ | छलफल समुह (रेफ्लेक्ट) | दंगिशरण गाँउपालिका | १३ वटा |
| २ | निगरानि समुह | दंगिशरण गाउँपालिका | ५ वटा |
| ३ | छलफल समुह (रेफ्लेक्ट) | शान्तिनगर गाँउपालिका | १५ वटा |
| ४ | निगरानि समुह | शान्तिनगर गाँउपालिका | ७ वटा |
| ५ | महिला तथा बालिका सुरक्षा संयन्त्र | शान्तिनगर र दंगिशरण गाँउपालिका | २ वटा |
| ६ | बालबिबाह अन्त्यका लागि युबा संजाल | शान्तिनगर र दंगिशरण गाँउपालिका | २ वटा |
| ७ | पालिका स्तरीय महिला अधिकार सञ्जाल | शान्तिनगर र दंगिशरण गाँउपालिका | २ वटा |
| ८ | बालविवाह तथा लैङ्गिक हिंसा अन्त्यका लागि वडास्तरीय समिति | दंगिशरण गाउँपालिका वडा नं ५ र ७ शान्तिनगर गाउँपालिका वडा नं २,५ र ७ | ५ वटा |
| ९. | पालिका स्तरीय किशोरी सञ्जाल | शान्तिनगर र दंगिशरण गाँउपालिका | २ वटा |

माथि उल्लेखित लक्ष्य, उदेश्य तथा अपेक्षित नतिजा हासिल गर्नकालागि संस्थाले यस आर्थिक बर्ष २०७९।०८० मा समुदाय तथा पालिका स्तरमा बिभिन्न संरचना निर्माण तथा परीचालन गरी कार्यगरेकोछ । सामुदायिक समुहको परीचालनका लागि उनिहरुको आवश्यक क्षमता बिकास गर्नुका साथै अनुभव आदान प्रदानकालागि बिभिन्न समयमा समन्वय बैठकको आयोजना समेत गरी असल अभ्यास तथा सिकाईको आदानप्रदान समेत कार्यक्रमका तर्फ बाट गरीदै आएकोछ । संस्थाले गठन गरेका रेफ्लेक्ट समुहमा बिभिन्न ज्वलन्त बिषयमा छलफल समेत चलाउने र महिलामाथि हुने बिभेद, शोषण लगायतका बिरुद्धआवाज उठाउन सहयोग गर्दै आईरहेको यस संस्थाले परीयोजनाका मार्फत बिभिन्न समुह, संजाल तथा समितिको परीचालन गर्दै आएकोछ ।

## घ. मुख्य उपलब्धीहरु

- सामुदायिक स्तरमा महिला अधिकार सञ्जाल, किशोर समुह तथा सञ्जाल, युवा समुह तथा सञ्जाल, सामाजिक तथा धार्मिक अगुवाहरुले बालबिबाह, लैंगिक हिंसा,मानव बेचबिखन तथा ओसारपसार, जातिय बिभेद अन्त्यका लागि क्षमता बिकास तालिम प्रदान गरी क्रियाशिल रहेको । जस बाट तालिम प्राप्त २४७ जनाले यस खालको अपराध नगर्ने, नगराउने, सहयोगि नबन्ने तथा यदि कहि कतै यस खालका घटना भएमा कानुनि कारबाहिका लागि आवाजा उठाउने सामुहिक प्रतिबद्धता जाहेर गरेका छन् ।
- दाङ जिल्लाका दुई स्थानियतह दंगिशरण गाउँपालिका र शान्तिनगर गाउँपालिकामा बालविवाह तथा लैंगिक हिंसा लगायत बिभेदकारी अभ्यास अन्त्यकालागि समुदायमा गठित महिला छलफल समुह, किशोरी समुह तथा युवा समुहको अगुवाईमा ३२ वटा सामुदायिक सचेतिकरण कार्यक्रम सञ्चालन भएको । जसले सामुदायिक समुहको क्षमता बिकास हुनुका साथै समुदायमा ब्याप्त बिभेद अन्त्यका लागि सामुदायको अगुवाई तथा अपनत्वमा बृद्धि भएको ।
- रिफ्लेक्ट र निगरानि समूहका प्रमुखहरूले यस वर्ष वडा कार्यालयहरूमा १६ वटा विभिन्न **प्रस्तावहरू पेस गरेका छन्,** उनीहरूले बालविवाह र लैंगिकताका आधारमा हुने हिंसा उन्मूलनका लागि आयआर्जन बृद्धिका कार्यक्रम, क्षमता विकास तालिम जस्ता योजना प्रक्रियामा आफ्नो समुदाय र आफ्नो माग राखेका छन् ।
- सामुदयिक समूहहरु, युवा समुह, किशोरी समुहहरु विभिन्न अभियानका कार्यक्रमहरु गर्न उत्प्रेरित र परिचालन हुदै गएकाछन् जसको परिणाम स्वरूप वडा तहका **प्रतिनिधिहरू, नेपा**ल प्रहरी र समुदायका अगुवाहरूको सहभागितामा २० विभिन्न अभियानका **गतिविधिहरू सञ्चालन** भएकाछन् । जहाँ १८३० सामुदायिक समुहका सदस्य लगायत आम नागरकि **सदस्यहरू सह**भागी तथा लाभान्वित भएका छन् ।
- यस अवधिमा ४ वटा बालविवाहका घटना रोकिएका छन् जसमा २ वटा नेपाल प्रहरी र २ छलफल समूह सदस्यको अगुवाई तथा सक्रियतामा रोकिएकोछ । हाल बालविवाहको दर १७.२१ प्रतिशतमा झरेको छ ।(श्रोतः सामुदायिक समुह तथा सञ्जाल मार्फत संकलीत तथ्यांक, जुन २०२३)
- यस आ.ब २०८०।०८१ देखि लागुहुने गरी दङ्गीशरण गाउँपालिकाले उपाध्यक्ष लैङ्गिक हिंशा निवारण कोष सञ्चालनमा ल्याउने गरी निति तथा बजेट पारीत गर्नुका साथै दंगिशरण गाउँपालिकाले किशोरी संग उपाध्यक्ष कार्यक्रम सञ्चालनको लागि कार्यक्रम तथा बजेट पारीत गरेको अवस्था छ। माथि उल्ले खित कार्यक्रमको मुल उदेश्य बालविवाह र लैंगिक हिंशाको अन्त्य गर्नु रहेकोछ ।
- १०.३१ प्रतिसत (७९५ मध्ये ८२) समूह **सदस्यहरू समुदा**यको नेतृत्व तहमा पुगेका छन्, जहाँ २३.५२ प्रतिसत (७९५ मध्ये १८७ जना) सार्वजनिक स्रोतहरूमा पहुँच भएको छ ।
- लैङ्गिक हिंसाका घटनाहरूको रिपोर्टिङ दर बढ्दै गएको छ भने यस अवधिमा विभिन्न संयन्त्रमा ५७ वटा उजुरी परेका छन्, जुन अघिल्लो वर्षको अर्धवार्षिक अवधिमा ४१ थियो। यस अवधिमा २५.५१ प्रतिसत (१२५।४९०) महिलाहरूले यस अवधिमा कुनै न कुनै प्रकारको हिंशाको सामना गरेको प्रतिक्रिया दिएका छन् । (सामुदायिक समुह बाट संकलीत तथ्यांक २०२३, जुन)
- यस समाजमा वातावरणीय शिक्षाको बिकास (सीड) संस्थालाई महिला र बालबालिकाका लागि काम गर्ने संस्थाको रूपमा मान्यता दिइएको । वार्डहरूले वडा र सामुदायिक स्तरमा तालिम, अभिमुखीकरण सञ्चालन गर्न प्राविधिक सहयोगको लागि अनुरोध गरिरहेका छन यस वर्ष संस्थाले स्थानीय तहले

सञ्चालन गरेको बिभिन्न ३ तालिममा प्राविधिक सहयोग उपलब्ध गराएको छ ।

- धार्मिक तथा सांस्कृतीक अगुावहरु र सामाजिक अगुवाहरु सामुदायिक स्तरमा बालविवाह र लैंगिक हिंशा अन्त्य गर्नका लागि क्षमता बिकास तालिम प्राप्त गरी बालविवाह तथा हिंशाका बिरुद्ध सचेत भएका छन् भने बालविवाह तथा हिंशा अन्त्यका लागि सामुहिक प्रतिबद्धता जाहेर गरेका छन् । विवाह समारोहको समयमा दम्पतीको उमेर प्रमाणित गरेर मात्र बिवाह सम्पन्न गराउने अभ्यासको सुरुवात गरेका छन् ।
- जिल्लाका बिभिन्न ६ स्थानिय तहका न्यायिक समितिका पदाधिकारी तथा कर्मचारकिा लागि न्यायिक क्षमता अभिबृद्धि सम्बन्धी ३ दिने तालिम सम्पन्न भएकोछ भने अन्तर पालिका न्यायिक समिति समन्वय बैठक सम्पन्न भएको छ, जहाँ विभिन्न ४ पालिकाहरूले लैंगिक हिंशा र बालविवाह अन्त्यका लागि आफ्ना उत्कृष्ट अभ्यासहरू र तथा कार्यक्रमहरु तथा सुझावहरु प्रस्तुत गरेका छन् ।
- जिल्लाको दंगिशरण र शान्तिनगर गाउँपालिकामा महिला तथा बालिका सुरक्षा सञ्जालको गठन गरीएको छ भने सरोकारवालाको नियमित समन्वय बैठक सहभागितामूलक तरीकाले सञ्चालन गरएिको छ । सञ्जाललका सबै सदस्यहरू बालविवाह र लैंगिक हिंशा अन्त्यकालागि आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने गरी सामुहिक प्रतिबद्धता जाहेर गरेका छन् ।
- जिल्ला स्तरमा आर्थिक सामाजिक तथा सांस्कृतीक अधिकारका क्षेत्रमा कार्यरत सामाजिक तथा नागरीक संस्थाहरुको सहभागितामा आर्थिक सामाजिक तथा सांस्कृतीक अधिकार जिल्ला सञ्जाल दाङ गठन गरी सक्रियतापुर्बक अभियान सञ्चालन गरीएको छ । सबैभन्दा वञ्चित समुदायका सबै समस्याहरूमा आवाज उठाउने प्रयास गरिरहेको छ। यस वर्ष सञ्जालले दाङ जिल्लाका ८ स्थानीय तहमा आर्थिक बर्ष २०८०।०८१ को बार्षिक निति, कार्यक्रम तथा बजेट निर्माणका लागि बिभिन्न सुझाव सहित सुझावपत्र बुझाएको छ भने सुझावपत्रमा समेटिएका अधिकांश बिषय पालिकाको बार्षिक निति, कार्यक्रम तथा बजेटमा समेत समेटिएका छन् ।
- दंगिशरण गाउँपालिकामा आर्थिक वर्ष २०७९।८० मा छोरी सम्मान कार्यक्रम कार्यान्वयन भएकोमा उक्त कार्यक्रमबाट ११५ बालिका लाभान्वित भए जसले पालिकाबाट मासिक रु.३००का दरले १८ बर्ष पुरा नहुँदा सम्मका लागि रकम प्राप्त गर्नेछन् । दंगिशरण गाउँपालिकामै १२२ सुत्केरी आमाहरूले रु. ३२०० बराबरको सुत्केरी प्रोत्साहन तथा पोषण भत्ता प्राप्त गरेका छन् ।
- यस बर्ष सामुदायिक समुहका ५१ जना सदस्यहरुले जैबिक तरकारी खेती प्रबद्धन सम्बन्धी तिन दिने तालिम प्राप्त गरेकाछन् भने ७ जना समुह सदस्यले जैबिक तरकारी खेती अबलम्बल गरीसकेकाछन् भने बाँकी सदस्यहरु पनि अबलम्बनको तयारीमा रहेका छन् ।
- प्रहरी संगको साझेदारीमा किशोरीहरुले आत्मरक्षा सम्बन्धि तालिम प्राप्त गरेकाछन् भने संस्थाले स्वास्थ्य शाखा संगको समन्वयमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि तालिम प्राप्त गरेका छन् ।
- पालिका तथा वडाका निर्बाचीत महिला सदस्यहरुकालागि स्थानिय योजना निर्माण तथा निर्णय प्रक्रियाका सम्बन्धमा अभिमुखिकरण तालिम प्राप्त गरेका छन् । जसका कारण स्थानिय योजना निर्माणका क्रममा महिला तथा बालबालिकाका क्षेत्रमा बजेट तथा कार्यक्रमका लागि तथा महिला सदस्यको भुमिका अभिबृद्धि भएको देखिन्छ ।

## ङ. यस अबधिका चुनौतीहरु

- लक्षित समूहका कार्यक्रमहरूका लागि छुट्याइएको बजेट प्रत्यक्ष रूपमा सरकारी अधिकारीहरूले प्रयो ग गर्छन योजना प्रक्रिया र कार्यान्वयन प्रक्रियामा लक्षित समूहहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नसक्नु चुनौतीपुर्ण बिषय बनेकोछ र यसले सहभागितामुलक गुणस्तरीय विकासमा बाधा पुऱ्याएको छ भने यस अवस्थालाई चिर्नकालागि स्थानीय तहले लक्षित समुदायको सहभागिता सुनिश्चततको नीतिलाई अनुमोदन गर्नंपर्छ ।
- सामुदायिक समुह रिफ्लेक्ट सर्कलका सदस्यहरूलाई बैठकहरूमा नियमित बनाउन र कक्षाहरू नियमित रुपमा सञ्चालन गर्न चुनौतीपूर्ण छ । सामुदायिक समुहका सदस्यहरु देशको बिग्रदो आर्थिक अवस्थाले पनि आम्दानीका लागि गाउँ बाहिर र विदेश जान बाध्य छन् । सीमान्तकृत समुदायले सामना गरिरहे का समस्याहरूमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ र गरीवि निवारणका लागि स्थानिय सरकारले ठोस र ाहत प्याकेज बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## च. सिकाईहरु

- हामीले यस वर्ष आर्थिक, सामाजिक, सांस्कृतीक अधिकार जिल्ला सञ्जालको ब्यानरमा बिभिन्न सामाजिक तथा नागरिक समाज संगठनहरूसँग संयुक्त रूपमा काम गरेका छौं र यसको मुख्य सिकाइ भनेको सबै अधिकारका क्षेत्रमा कार्यरत नागरिक समाजका संस्था, संघ संगठनहरूको संयुक्त प्रयासले सरोकारवालाहरूमा ठूलो दबाब सिर्जना गरेको देखिएको छ ।
- यस बर्ष अधिकांश सामुदायिक संस्थाहरूले परियोजनाको सहयोगमा सामुदायिक स्तरमा बालविवाह, हिंशा अन्त्य तथा वातावरण संरक्षणका लागि बिभिन्न सचेतना अभिवृद्धि गर्ने गतिविधिहरू सञ्चालन गरिरहेका छन्, यसले उनीहरूमा आत्म विश्वास बढाई र समुदाय स्तरमा थप अभियान चलाउन र अभियान्ताहरुको बिकास गर्न अत्यन्त उत्कृष्ट कार्य गरेको देखिन्छ ।

## ३. परियोजनाको नाम :महिला तथा बालबालिकाको आर्थिक शशक्तिकरण द्वारा दिगो जिविकोपार्जन कार्यक्रम

### क.परियोजनाको पृष्ठभुमि:

यस समाजमा वातावरणीय शिक्षाको विकास (सीड) संस्थाले आफ्नो स्थापनाकाल देखि ग्रामिण सामुदायिक विकास, शिक्षा, स्वास्थ्य, सीप विकास, आयआर्जन र महिला तथा बाल बालिकाहरुको अधिकार र दिगो जीविको पार्जनको साथ साथै महिला तथा बालवालिकाहरुको सवाललाई सम्बोधन गर्नका निम्ति स्थानिय निकायलाई जवाफदेहि बनाउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । सो कार्यक्रम गर्ने सिलसिलामा महिला तथा बाल बालिकाहरुको समुह, संगठन, क्लब र महिला सहकारी कृषि समुहका सदस्यहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै महिला तथा बालबालिकाहरुको समूह संगठनलाई बलियो बनाउँने उद्धेश्यका साथ यस **Drei Konigs Aktion** (ड्रेइ कोनिक्स् एक्सन)**Austria** र **SEED** संस्थाको संयुक्त साझेदारी मा संचालित स्थानीय महिला तथा बालबालिकाको आर्थिक सशक्तिकरण द्वारा दिगो जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रम मार्फत स्थानिय स्तरका आर्थिक तथा सामाजिक रुपमा पछाडि परीएका

बालबालिका, महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, विपन्न वर्गहरुको आर्थीक, सामाजिक, शैक्षिक अवस्थामा सुधार ल्याउनका लागि आयमुलक तथा सचेतीकरणको माध्ययम वाट  समुदायलाई आत्मनिर्भताका लागि अग्रसर बनाउदै आईरहेको छ ।

कार्यक्षेत्रमा वसोवास गर्ने लक्षित वर्गहरुको आर्थिक तथा सामाजिक शशक्तिकरणका लागि सिप तथा क्षमता विकास तालिमको माध्ययम द्धारा सामाजिक तथा आर्थिक रुपमा शशक्त वनाउदै घुम्तिकोष परिचालन अमार्फत व्यवसायिकरण गर्दै आईरहेको छ । जसको माध्यम द्धारा आर्थिक तथा सामाजिक रुपमा शशक्त भई स्थानिय तहका विभिन्न संरचनाहरुमा प्रतिनिधित्वका साथै स्थानिय स्रोत साधानहरु परिचालन गर्नमा समेत सक्षम हुदै आएका छन । स्थानिय स्तरमा रहेका संयन्त्रहरुको सेवा प्रवाहालाई प्रभावकारी तथा गुणस्तरिय वनाउनको लागि नियमित रुपमा अनुगन तथा छलफल गर्दै आईरहेका छन । महिला माथि हुने विभिन्न किसीमको हिंशाहरुको न्यूनिकरण गर्नका  लागि महिला अधिकार मंच तथा महिला अधिकारकर्मिहरुको निर्माण भई सो सम्बन्धि वकालत पैरवी तथा नागरिकहरुलाई सचेतीकरण गर्ने कार्यका  लागि महिला संगठन परिचालनमा यस परियो जनाले महत्वपुर्ण भुमिका निर्वाह गरेको छ ।

**ख.उद्धेश्यहरु :**

**मुख्य उद्धेश्य :** सहकारी र घुम्टिकोष परिचालनको माध्ययम वाट प्राङ्गारीक खेतीको प्रवर्द्धन गरि पि.जि.एस.प्रमाणीकरण गरि उत्पादित वस्तुको भण्डारण, प्रशोधन र बजारीकरण मार्फत महिला तथा बालबालिकाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार भई बाल विवाहा तथा लैङ्गिक हिंशाको न्यूनिकरण भएको हुनेछ ।

**लक्षित क्षेत्र नं. १:** महिला शशक्तिकरण र बालिका शिक्षाको प्रवर्द्धन मार्फत स्थानिय निकायका विभिन्न संर चनामा महिलाहरुको सहभागिता भई बाल विवाहा तथा लैङ्गिक हिशांको न्यूनिकरण भएको हुनेछ ।

**लक्षित क्षेत्र नं. २:** छरीएर रहेका कृष समुहलाई एकिकृत गरि रैथाने तथा उन्नत जातका विउविजनहरुको संर क्षण र प्रबर्द्धन भई किसानहरुको दिगो जिविकोपार्जनमा सहयोग पुगेको हुनेछ ।

**लक्षित क्षेत्र नं. ३:** महिलाहरुको आर्थिक शशक्तिकरणका लागि आयआर्जनका विभिन्न क्रियाकलापहरुमा सहभागि भई उत्पादित वस्तुको बजारीकरण गर्नमा सहयोग पुगेको हुनेछ ।

**लक्षित क्षेत्र नं. ४:** प्राङ्गारीक कम्पोष्ट मल र जैविक विषादीको प्रयोग मार्फत प्राङ्गारीक खेतीको प्रवर्द्धन गरि सहभागितामुलक ग्यारेन्टि प्रणाली को स्थापना भई प्राङ्गारीक विउ भण्डारण केन्द्रको विकास भएको हुनेछ ।

**ग. परियोजनाका मुख्य उपलव्धीहरुः**

- ५० जना बालबालिकाहरु शैक्षिक सामग्रि प्राप्त गरी नियमित पठनपाठनमा सहयोग पुग्गनुको साथै शैक्षिक गुणस्तरमा समेत सुधार भएको छ ।
- बाल क्लव मार्फत बालबालिकाहरु समुदायमा हुने बाल विवाहा नयूकरणका लागि विभिन्न किसिमका सचे तनामुल कार्यक्रम सञ्चालन गरिरहेका छन ।

- कार्यक्षेत्रमा रहेका १२ जना अगुवा किसानहरु रैथान जातका तरकारी तथा खाद्यान्न बालीका विउ उत्पादन सुरु गरेका छन ।
- मौसमि तथा वेमौसमि तरकारी उत्पादनका लागि प्लाष्टिक घर निर्माण गरि तरकारी खेतीको सुरुवात गरेका छन ।
- १५ जना महिलाहरु धकिया बुनाई तालिम प्राप्त गरि विभिन्न किसिमका धकियाका सामग्रिहरु तयार गरि घरायसी प्रयोजन तथा विक्रि वितरण गरिरहेका छन ।
- ६ जना महिलाहरु हस्तकला निर्माण सम्बन्धि तालिम प्राप्त गरि मासिक रुपमा रु. ३००० देखि रु. ५००० सम्म आम्दानी गरिरहेका छन ।
- कायक्षेत्रका अगुवा किसानहरु आर्गनिक तरकारी खेतीको तालिम प्राप्त गरि २० जना किसानहरु आर्गनिक तरकारी खेतीको सुरुवात गरेका छन ।
- स्थानिय स्तरमा पाईने विभिन्न किसिमका जडिबुटि मार्फतबानस्पतक विषादी र झोल मल तयार गरि प्रयोग गरिरहेका छन ।

**घ. असल अभ्यास तथा सिकाईहरु:**

प्राङ्गारीक खेती प्रविधि सम्बन्धि किसानहरुलाई प्रयाप्त रुपमा जानकारी नहुदा रासायनिक खेती प्रविधि अवलम्बन गरिरहेका किसानहरुलाई रासायनिक मल तथा विषादिको प्रयोग वाट हुने असर र बाली उत्पादनका लागि माटोको अवस्थामा सुधार ल्याउनु पर्ने र माटोको सुधारका लागि सुधारीको प्राङ्गारीक तथा कम्पोट मलको प्रयोग, झोल मल तथा वानस्पतिक विषादीको प्रयोगको विषयमा प्रदान गरिएको तालिम र नमुना प्राङ्गारीहक फर्मको प्रत्यक्ष अवलोकन निरन्तरको पलोअप पश्चात रासायनिक खेती वाट हुने असरको विषयमा महशुसिकरण गरि जैविक, वानस्पतिक तरीका वाट झोल मल तथा विषादीहरु तयार गरि प्रयोगमा ल्याएका छन । यसको प्रभाव राम्रो देखिएपछि अन्य किसानहरु पनि प्राङ्गारीक खेती तर्फ आकर्षित भएका छन ।

**ङ. परियोजना संचालनका क्रममा भोगेका चुनौती तथा सवालहरु:**

- रासायनिक मल र विषादीको प्रयोग गरिररहेका किसानहरु प्राङ्गारीक खेती प्रति विश्वास नगर्नु ।
- आर्गनिक खेती सम्बन्धि आवश्यक ज्ञान र सपिको आभाव ।
- आर्गनिक तरकारी खेतीका लागि तयार गरिएका सामग्रिहरुको प्रयोग नगर्नु ।

**च. रणनीति तथा आगामी योजना:**

- बाल विवाहा तथा लैङ्गिक हिंशा न्यनिकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपन्न, अपाङ्ग,तथा वेसाहारा बालिबालिकालाई शैक्षिक अवस्था सुधार गर्न स्थानिय संघसंस्था तथा वडा पालिका संग समन्वय गरि आवश्यक सहयोग गर्ने ।
- रैथाने तथा उन्नत जातका विउविजनहरुको संरक्षण गरि विउ भण्डारण केन्द्रको स्थापना प्रवर्द्धन र बजारीकरणमा सहयोग गर्ने ।
- प्राङ्गारीक खेतीको प्रवर्द्धनका लागि किसानहरुको क्षमता विकास गरि प्राङ्गारीक खेतीका लागि आवश्यक सामग्रिहरुको व्यवस्थापन गर्ने ।

# संस्था द्वारा सञ्चालीत कार्यक्रमका झलकहरु



दंगिशरण गाउँपालिका स्तरिय किशोरी सञ्जालको आयो जनामा बालश्रम बिरुद्धको अन्तरराष्ट्रिय दिवशका अबसर मा आयोजिक कार्यक्रम दंगिशरण गाउँपालिका वडा नं ३ रावतगाउँ




बालविवाह तथा हिंसा बिरुद्धको सचेतिकरण कार्यक्रम पश्चात समुहको भवन अगाडि सामुहिक तस्विर खिचाउदै महिला जागरण समुहका शान्तिनगर ५ रगौचाका दिदि बहिनिहरु साथमा वडा र संस्थाका प्रतिनिधिहरु



सिड संस्थाको सहयोगमा दंगिशरण गाउँपालिकामा सञ्चालित सामुदायिक समुहहरुको समन्वय बैठकमा आफ्ना असल अभ्यास तथा सिकाई बारे भनाई राख्दै ठाटिपौवा छलफल समुहका अध्यक्ष पार्बता कडेल



बालविवाह तथा लैंगिक हिंसा अन्त्यका वडास्तरिय समितिको बैठकमा आफ्नो भनाई राख्दै दंगिशरण गाउँ पालिका वडा नं ५ का वडा अध्यक्ष निरज बस्नेत



लैंगिक हिंसाका घटनामा सिघ्र निरुपणका सवालमा गाउँपालिकाका प्रयास बारे न्यायिक समिति समन्वय बैठकमा आफ्नो भनाई राख्दै दंगिशरण गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक श्री पिमा कुमारी खड्का



आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार जिल्ला सञ्जाल दाङको अधिकार अनुगमन सम्बन्धि २ दिने कार्यशालाका क्रममा तुलसिपुर दाङमा



बालविवाह बिरुद्धको सचेतनामुलक सडक नाटक प्रदर्शन गर्दै असल छलफल समुह दंगिशरण गाउँपालिका वडा नं ४ का सदस्यहरु



लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान २०२२ का सन्दर्भमा शान्ति महिला छलफल समुह दंगिशरण ३ चितानपुरले आयो जना गरेको सामुदायिक सचेतिकरण कार्यक्रममा गाउँपालिका अध्यक्ष सम्भु गिरी लगायतका अतिथिहरु



परियोजनाको प्रभावका सम्बन्धमा ठाटिपौवा छलफल समुह दंगिशरण ३ रावतगाउँका सदस्यहरुसंग छलफल गर्नुहुदै आई.एम स्वीडिस डेभलपमेन्ट पार्टनर नेपालका कार्यक्रम ब्यबस्थापक ईन्दिरा थापा, साथमा संस्थाका पदधिकारी तथा कर्मचारीहरु



सिड संस्था द्वारा सञ्चालित परियोजना अनुमनका क्रममा शान्तिनगर गाउँपालिका र दंगिशरण गाउँपालिकाको संयुक्त टोलि अभियान छलफल समुह दंगिशरण ७ बाँकामा



लैंगिकतामा आधारित हिंसाको सामाना गरिरहेकाहरुका लागि समुदायमा आधारित मनोसामाजिक कार्यकर्ताहरुका लागि ७ दिने आधारभुत तालिम पश्चातको सामुहिक तस्वीर



शान्तिनगर गाउँपालिकामा सिड संस्थाको सहयोगमा सञ्चालित समुहहरुका तर्फबाट लैंगिकमैत्री निति तथा बजेट निर्माणका लागि सुझावपत्र पेश गर्नुहुदै सामुदायिक समुहका प्रतिनिधिहरु



दंगिशरण गाउँपालिकामा सिड संस्थाको सहयोगमा सञ्चालित समुहहरुका तर्फबाट लैंगिकमैत्री निति तथा बजेट निर्माणका लागि सुझावपत्र पेश गर्नुहुदै सामुदायिक समुहका प्रतिनिधिहरु



जनशक्ति छलफल समुह शान्तिनगर गाउँपालिका वडा नं २ को आयोजनामा बालविवाह तथा हिंसा बिरुद्धको सचेतिकरण कार्यक्रममा वडा अध्यक्ष, ईलाका प्रहरी कार्यालय खिलतपुर को टोली, लगायत समुह सदस्यहरु




दंगिशरण गाउँपालिका स्तरिय किशोरी सञ्जालका र ईलाका प्रहरी कार्यालय हेकुलीको सहकार्यमा बिरेन्द्र नमुना मा बि हेकुलीमा आत्मरक्षा सम्बन्धि छलफल पश्चात सामुहिक तस्वीर



बालविवाह तथा लैंगिक हिंसा बिरुद्धको सचेतनामुलक कार्यक्रम पश्चात सामुहिक तस्वीर खिचाउदै समुह सदस्यका साथमा शान्तिनगर गाउँपालिका वडा अध्यक्ष ७ का वडा अध्यक्ष, ईलाका प्रहरी कार्यालय खिलतपुर र सिड संस्थाका प्रतिनिधिहरु




न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धि सम्बन्धि तालिमको उद्‌घाटन सत्रमा जिल्ला अदालत दाङका मुख्य न्याधिस माननिय कृपाशुर कार्की साथमा शान्तिनगर, दंगिशरण र गढवा गाँउँपालिकाका उपाध्यक्षहरु क्रमस बाँया बाट मन्तब्य राख्नुहुदै संस्थाका अध्यक्ष राममोति चौधरी




समुहको दिगोपनाका लागि समुह तथा लेखा ब्यवस्थापन तालिम समापन पश्चात सामुहिक तस्विर खिचाउदै, दंगिशरण गाउँपालिका दाङ



बालविवाह तथा लैंगिक हिंसा बिरुद्धको सचेतनामुलक कार्यक्रम दंगिशरण गाउँपालिका ३ चितानपुर दाङ



वानस्पतिक बिषादि बनाउने प्रयोगात्मक कार्य गर्दै शान्तिनगर गाउँपालिकाका छलफल समुहका सदस्यहरु आधुनिक कृषि सामाग्री वितरण कार्यक्रम





आधुनिक कृषि सामाग्री वितरण कार्यक्रम



पाल्पा, गुल्मी, दाङको गढवा एवम् बर्दियाका बिभिन्न परि योजनाका कर्मचारी तथा हेफर र पालिकाको तर्फबाट बबई ७ को जुनतारा समुहले गरेको तरकारी खेतीको अवलोकन पछिको तस्बिर



बबई २ को बहुउदेशियय समुहका दिदिबहिनीहरु बाखा उपहार गर्दै



जैविक विषादी सम्बन्धि तालिममा प्रयोगात्मक अभ्यास गर्दै तुलसीपुरका किसानहरु



सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न
बालबालिकाहरुलाई शैक्षिक सामगि वितरण कार्यक्रम




संस्थाको वार्षिक सामाजिक परिक्षण कार्यक्रम २०२२




आर्गनिक तरकारी खेती तालिम




बाल विवाहा तथा लैङ्गिक हिंशा सम्बन्धि अभिमुखिकरण कार्यक्रम



बाल अधिकार सम्बन्धि अभिमुखिकरण कार्यक्रम




सहकारी व्यवस्थापन तालिम




महिला नेतृत्व विहकास तालिमका सहभागिहरु



बाल विवाहा र लैङ्गिक हिंशा अन्त्यका लागि युवा परिचालन सम्बन्धि अधिमुखिकरण कार्यक्रम




आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, जिल्ला सञ्जाल दाङको कार्यशाला बाट पारित सुझावपत्र हस्तान्तरण गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, जिल्ला सञ्जाल दाङका सदस्य संस्थाका प्रतिनिधिहरु




वालविवाह लैंगिकताका आधारमा हुने हिंसा तथा सामाजिक बिभेदका बिरुद्ध र जलबायु अनुकुल हरित उद्यम बिकासका लागि आयोजित युवा सम्मेलनका सहभागिहरु बर्ष २०२३